का.जि.प्र.का.द.नं. १००/०५९/६०

५ साउन २०८२,
सोमबार
21 July, 2025
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १६९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# कारागार सधैँ असुरक्षित !

कारागार र बाल सुधारगृहमा भौतिक संरचनाकै अपुग छ । बस्ने ठाउँहरू साँघुरा छन् । क्षमताभन्दा पाँच गुणासम्म बढी कैदीबन्दी रहने अवस्था छ । यस्तो वातावरणले कैदीबन्दीको मनोविज्ञानमा नकारात्मक असर पार्दा झडपजन्य घटना भइरहेका हुन् ।



बन्दीहरू एउटा न एउटा समस्या नभइ कारागार वा सुधारगृह पुगेका हुँदैनन् । कारागार वा सुधारगृहमा पनि नकारात्मक वातावरण रह्यो भने व्यक्तित्वको विकास सही नहुन सक्छ । यसमा राज्यले ख्याल गर्नुपर्छ ।

**विमला सुवेदी**
सभापति, कानुन, न्याय तथा मानव अधिकार समिति

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ४ साउन ।

सिरहा कारागारमा कैदीहरूबीच झडप भएको छ । आइतबार भएको झडपमा परेर १३ जना कैदीबन्दी घाइते भएका छन् । घाइतेहरूको प्रादेशिक अस्पताल सिरहामा उपचार भइरहेको छ ।

जिल्ला प्रशासन कार्यालय सिरहाका अनुसार आन्तरिक प्रशासनको नाइके तोक्नेबारेमा विवाद हुँदा झडप भएको हो । झडपको अन्य कारण के हो भनेर प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

यो पछिल्लो घटना हो । कारागार र बाल सुधारगृहमा यसअघि पनि पटक-पटक झडपका घटना भएका छन् । बाल सुधारगृहमा झडपका घटना अझ ज्यादा भएका छन् ।

५ भदौ २०८० मा भक्तपुरको सुधारगृहमा झडप मात्रै भएन, मूल गेट नै तोडेर बन्दीहरू बाहिर निस्किएका थिए । त्यसपछि धेरैले सरकारमाथि प्रश्न उठाए । तथापि, झडपका घटना रोकिएनन् ।

२६ भदौ २०८० मा वीरगञ्जको विर्तास्थित बाल सुधारगृहमा दुई समूहबीच झडप भएको थियो । ४ असोज २०८० मा बाँकेको डुडुवास्थित जयेन्दु सुधारगृहमा झडप हुँदा घाइते भएकाहरूमध्ये एक जनाको निधन नै भयो । १४ पुस २०७९ मा बाँकेको सुधारगृहमा रहेका कैदीबन्दी झ्यालको भेन्टिलेसन तोडेर पृष्ठ २ मा

# प्रधानमन्त्रीको भारत भ्रमण तय



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ४ साउन ।

सरकार गठन भएको १४ महिनापछि प्रधानमन्त्री केपी शर्मा ओली भारत भ्रमणमा जाने मिति तय भएको छ । परराष्ट्र मन्त्रालय स्रोतका अनुसार प्रधानमन्त्री ओलीको भारत भ्रमण आगामी सेप्टेम्बर १६ र १७ अर्थात भदौ ३१ र असोज १ गतेका लागि तय भएको हो ।

प्रधानमन्त्री भएपछि पहिलो विदेश भ्रमणमा भारतलाई प्राथमिकता दिने परम्परा भएपनि ओलीले पहिलो पटक २०८१ मंसिर १७ देखि २० गतेसम्म चीन भ्रमण गरेका थिए । उनले त्यसबेला उक्त भ्रमण अनौपचारिक भएकाले औपचारिक भ्रमण भारतबाटै हुनेसमेत बताएका थिए । यद्यपि ओलीको पहिलो औपचारिक भ्रमण चीन थियो । त्यसपछि उनले अमेरिका, थाइल्याण्ड र स्पेनको भ्रमण गरिसकेका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको औपचारिक निमन्त्रणा पर्खेर बसेका ओलीलाई भारतीय समकक्षीले नेपाल सरकारको स्थायित्व हुने देखेर आमन्त्रण गरेको जानकारहरू बताउँछन् ।

यसअघि नै भारत भ्रमणमा जान चाहे पनि भारतले निमन्त्रणा गर्न ढिलाइ गर्दा भ्रमण हुन सकेको थिएन । उनी असार ३०, २०८१ मा संसद्को पहिलो दल नेपाली कांग्रेसको प्रमुख सहयोगमा प्रधानमन्त्री भएका थिए । भारतीय प्रधानमन्त्री मोदीका तर्फबाट समकक्षी ओलीलाई दुईदिने भ्रमणको निमन्त्रणा पृष्ठ २ मा

# कोइरालाको 'अ'स्वभाविक दौड





प्रचण्डलाई बल पुग्नेगरी शेखर कोइरालाले राजनीतिक गतिविधि गरिरहेपनि अहिले नै सरकार परिवर्तन सम्भव छैन ।

**पुरञ्जन आचार्य**
राजनीतिक विश्लेषक



शेखर कोइरालाले सभापतिलाई संसदीय दलबाट हटाउनेगरी आफ्नो पक्षमा संख्या पुऱ्याउने प्रयास गर्नुभएको होइन ।

**राजेन्द्र बजगाईं**
सांसद, नेपाली कांग्रेस

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ४ साउन ।

राजनीतिमा जिम्मेवार र अधिकारप्राप्त नेताहरू हरेक परिवर्तनका लागि दौडिनु स्वभाविक हो । तर पार्टी र राज्य सत्तामा जिम्मेवारी नपाएका नेताहरू सत्ता परिवर्तनकै प्रयासस्वरूप निरन्तर दौडिनुले परिणाम नदिन पनि सक्छ ।

पछिल्लो पटक सरकारको प्रमुख सहयात्री दल नेपाली कांग्रेका नेता डा. शेखर कोइरालाले चलाएको फरक राजनीतिक मुभमेन्टले यस्तै संकेत गरेको छ । सरकारको सयदिने हनिमुन पिरियडपश्चात निरन्तर आलोचकको रूपमा उभिएका नेता कोइरालाले एक वर्षीय कार्यकालको समीक्षा गर्दै नयाँ राजनीतिक गतिविधिलाई निरन्तरता दिएका छन् ।

कांग्रेसभित्र प्रतिपक्षको भूमिकामा रहेका नेता कोइरालाले संसद्को प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपा एमालेको राजनीतिमा सक्रियता देखाएकी पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई भेटेर मुलुकको पछिल्लो राजनीतिक अवस्था, सरकारको चालचलन पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# संघमा पाँच सल्लाहकार नियुक्त


तिलक रानाभाट


नवराज के.सी.


हरिबहादुर पाण्डे क्षेत्री


प्रा.डा. विजयप्रसाद मिश्र


अनुपम भट्टराई

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ साउन ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले तीन जना सल्लाहकार र दुई जना कानुनी सल्लाहकार नियुक्त गरेको छ । संघका महासचिव महेशकुमार बस्नेतका अनुसार प्रमुख सल्लाहकारमा संघका पूर्वअध्यक्ष नुर अपरच्युनिटिज ओभरसिज प्रा.लि.का सञ्चालक तिलकबहादुर रानाभाट तथा सल्लाहकारमा प्याराडाइज इन्टरनेशनल ओभरसिज प्रा.लि.का सञ्चालक नवराज केसी र फ्युचर स्टार म्यानपावर प्रा.लि.का सञ्चालक हरिबहादुर पाण्डे क्षेत्री नियुक्त भएका छन् ।

संघका पूर्वअध्यक्ष रानाभाट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका संस्थापक अध्यक्ष, सल्लाहकार केसी वैदेशिक रोजगार व्यवसायी ललितपुर समाजका अध्यक्ष र संघका पूर्वसल्लाहकार पाण्डे क्षेत्री संघका पूर्वप्रथम उपाध्यक्ष तथा नेपाल वैदेशिक रोजगार व्यवसायी सामाखुशी एकता समितिका अध्यक्ष हुन् । संघका निवर्तमान अध्यक्ष राजेन्द्र भण्डारी संघको पदेन सल्लाहकार छन् ।

त्यसैगरी संघले प्रमुख कानुनी सल्लाहकारमा नेपाल बार एसोसिएसनका अध्यक्षसमेत रहेका वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र र कानुनी सल्लाहकारमा अधिवक्ता अनुपम भट्टराईलाई नियुक्त गरेको छ ।

त्यसैगरी संघको कार्यसमितिमा मनोनीत ४ जना सदस्यहरूले पनि आइतबार शपथ पृष्ठ २ मा

## कुवेत पठाइदिने भन्दै ठग्ने एक पक्राउ

**काठमाडौं/मस-** आकर्षक तलबसहितको वैदेशिक रोजगारीमा कुवेत पठाइदिने प्रलोभनमा पारी ठगी गरेको अभियोगमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा झापा शिवसताक्षी नगरपालिका-८ घर भएका ४२ वर्षीय सन्तोष सुनुवार रहेका छन् ।

सुनुवार कुवेत पठाइदिन्छु भन्दै पीडितबाट १ लाख ५३ हजार रुपैयाँ लिइ सम्पर्कविहीन बनेपछि पीडितको उजुरीका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको टोलीले उनलाई ललितपुर महालक्ष्मी-७ बाट पक्राउ गरेको हो । पृष्ठ २ मा

WE ARE HIRING
Join Our Team
A fair and responsible foreign recruitment organization having requesting interested candidates to submit their application for the following position:
Documentation Officer - 5 (Male/Female)
SALARY Negotiable
Requirements:
★Educational qualification +2 pass.
★Should know Nepali & English typing, With computer Knowledge.
★Minimum 2 years experience in the recruitment field.
Send your cv on office mail : wahaa.nepal@gmail.com
WAHAA MANPOWERS SUPPLIER PVT. LTD.
Kalopool 7, Kathmandu, Nepal, Tel: +977- 014581670, 4583566. Mobile :985-1092822
Govt Lic No. 469/060/061

VACANCY
ANNOUNCEMENT
One of the reputed recruitment agency is seeking for following applicants.
Accountant 2 M/F
Doucmentation 4 M/F
Secratery 2 M/F
PRO 4 M/F
Receptionist 1 F
2 Years Experience In Related Fields. SALARY NEGOTIABLE
SEND YOUR CV: recruitmenepal@gmail.com, info@recruitmenp.com
Recruit Me Private Limited
Sankatamarg, Gusingal-2, Lalitpur, Nepal
+977-1-4721217 Govt. Lic. No. 1776/082/083

# च्यासलमा विद्या

**काठमाडौं / मस**–नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओली र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीबीच भेटवार्ता भएको छ। ललितपुर च्यासलस्थित एमालेको केन्द्रीय कार्यालयमा आइतबार उनीहरुबीच 'वान टू वान' भेटवार्ता भएको हो ।

भेटवार्तापछि पूर्वराष्ट्रपति भण्डारीले पत्रकारसँग संक्षिप्त कुरा गर्दै प्रधानमन्त्री एवम् एमाले अध्यक्ष ओलीसँग राष्ट्रिय राजनीतिक विषयवस्तुमाथि छलफल भएको जानकारी दिइन् ।

उनले भनिन्, 'उहाँसँग राष्ट्रिय राजनीतिका विषयमा मात्र कुराकानी भयो। अरू विषय आधिकारिक च्यानलबाट थाहा पाउनुहुने छ।' पूर्वराष्ट्रपति भण्डारीले आफ्नो पार्टी सदस्यता पहिले नै नवीकरण भइसकेको जानकारी दिइन् ।

उनीहरूबीच करिब डेढ घण्टा कुराकानी भएको हो। पूर्वराष्ट्रपति भण्डारी जिम्मेवारीबाट बाहिरिएपछि पहिलोपटक एमाले मुख्यालय च्यासल पुगेकी हुन् ।



उनलाई एमाले उपाध्यक्ष सुरेन्द्र पाण्डे र केन्द्रीय कार्यालयका सचिव डा.भीष्म अधिकारीले स्वागत गरेका थिए ।

उनले यसअघि नै पार्टी राजनीतिमा आउने सार्वजनिक घोषणा गरिसकेकी छन् । यस विषयले एमालेको सचिवालय र पोलिटब्यूरो बैठकमा प्रवेश पाएपछि आइतबार नेतृत्वसँग औपचारिक छलफल भएको हो । एमालेको शनिबार सम्पन्न पोलिटब्यूरो बैठकमा अधिकांश पोलिटब्यूरो सदस्यले पूर्वराष्ट्रपतिजस्तो गरिमामय पदमा रहिसकेका व्यक्तिले पार्टीको सक्रिय राजनीतिमा आउन नहुने विचार व्यक्त गरेका थिए ।

**भेटवार्ता सकारात्मक**

ओली र पूर्वराष्ट्रपति भण्डारीबीच भेटवार्ता हुनु सकारात्मक भएको पार्टीका नेताहरूले प्रतिक्रिया दिएका छन् ।

वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले अध्यक्ष ओलीले शनिबारको पोलिटब्यूरो बैठकमा दिएको जानकारी बमोजिम पूर्वराष्ट्रपति भण्डारीसँग छलफल भएको र यो सकारात्मक रहेको पत्रकारहरूलाई बताए । उनले पूर्वराष्ट्रपति भण्डारीले पार्टीको सदस्यता नवीकरण गरेको कुरा पार्टी महासचिवबाटै सार्वजनिक भइसकेको जिकिर गरे ।

पार्टी सचिव योगेश भट्टराईले पार्टीभित्र यो कित्ता र त्यो कित्ताका हिसाबले गरिने व्यवहार उचित नहुने भन्दै बाहिर विवाद बढाउनुभन्दा पार्टी नेतृत्व र पूर्वराष्ट्रपतिबीच सौहार्द छलफलबाट विषयको टुङ्गो लाग्नुपर्नेमा जोड दिए ।

# प्रत्यक्ष निर्वाचन प्रणालीभित्र समानुपातिक सहभागिता गराउनुपर्छ : सभापति



**काठमाडौं / मस**– नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले जनतासँग सिधै जोडिने भएकाले प्रत्यक्ष निर्वाचन प्रणालीभित्र समानुपातिक सहभागिता गराउनुपर्ने बताएका छन् ।

सभापति देउवा निवास बूढानीलकण्ठमा आइतबार नेपाल मतदाता अधिकार मञ्चका अध्यक्ष भक्त विश्वकर्मासहितको टोलीले 'निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' मस्यौदामा संशोधनका लागि बुझाएको ज्ञापनपत्र बुझ्दै उनले जनतासँग सिधै जोडिने भएकाले प्रत्यक्ष निर्वाचनभित्र समानुपातिक प्रतिनिधित्व जरुरी भएको बताए ।

'निर्वाचन विधेयकमा आएको संशोधनका विषयमा म पार्टीभित्र र अन्य राजनीतिक दलहरुसँग पनि सल्लाह गर्छु', सभापति देउवाले भने, 'प्रत्यक्ष निर्वाचन प्रणाली जनतासम्म पुग्ने मुख्य आधार हो, प्रत्यक्षभित्र पनि समानुपातिक सहभागिता चाहिन्छ ।' मञ्चका अध्यक्ष विश्वकर्माले बुझाएको विभिन्न २१ बुँदे सुझावपत्रमा महिला तथा महिलाभित्रको अन्तर-सामुदायिक समावेशीलाई सम्बोधन गर्ने प्रतिनिधिसभा तथा प्रदेशसभाको प्रत्यक्ष निर्वाचन प्रणालीमा महिलाको जनसंख्याको आधारमा कम्तीमा ५० प्रतिशत उम्मेदवारको व्यवस्था गरिनुपर्ने, दलित महिलालाई अल्पसंख्यक महिलाहरुद्वारा प्रतिस्थापन गर्ने प्रस्तावमा दलित महिलालाई राजनैतिक सहभागिताको अधिकारबाट वञ्चित गर्ने हुँदा उक्त संशोधनको व्यवस्थालाई अविलम्ब हटाउनुपर्नेमा जोड दिइएको छ । पहिलो हुने निर्वाचित हुने निर्वाचनमा महिला र दलितका लागि चक्रीय प्रणालीबाट निर्वाचन क्षेत्र तोकिने गरी महिलाका लागि ५० प्रतिशत दलितका लागि १३ प्रतिशत निर्वाचन क्षेत्र आरक्षित गर्नुपर्ने उनीहरुको माग छ ।

# शिक्षा समितिमा मिडिया काउन्सिल विधेयकमाथि सैद्धान्तिक छलफल

**काठमाडौं / मस**– प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा आज मिडिया काउन्सिल विधेयकमाथि सैद्धान्तिक छलफल भएको छ। सांसदहरूले विधेयक आवश्यक भएको भन्दै त्यसको औचित्य, आवश्यकता र स्वरूपबारे धारणा राखेका छन् ।

सांसद देवेन्द्र पौडेलले गलत र भ्रामक समाचार बढिरहेको र यसले व्यक्तिगत चरित्रहत्याका घटना बढाइरहेको भन्दै यसमा नियमन गर्ने गरी मिडिया काउन्सिल आवश्यक रहेको बताए। उनले भने, 'अहिले 'फेक' समाचार सार्वजनिक भइरहेका छन्। यसलाई कसरी नियमन गर्ने भन्ने स्पष्ट व्यवस्था हुनुपर्छ। मिडिया काउन्सिल स्वायत्त र निष्पक्ष निकाय हुनुपर्छ । प्रतिस्पर्धाबाट स्वतन्त्र, निष्पक्ष र सक्षम व्यक्ति यसमा आउने सुनिश्चित गरिनुपर्छ ।' पौडेलले नागरिकको सूचना प्राप्तिको अधिकारमा राज्यको कुनै प्रभाव हुनुहुँदैन भन्दै गलत



सूचना प्रवाह गर्नेलाई कारबाही गर्ने स्पष्ट प्रणाली ल्याउनुपर्नेमा जोड दिए ।

सांसद रेखा शर्माले संवैधानिक व्यवस्थाअनुसार पूर्ण प्रेस स्वतन्त्रता र पत्रकारिताको नाममा भइरहेका अराजकता गरी दुवै पक्षलाई गम्भीरतापूर्वक हेर्नुपर्ने धारणा राखिन् । अराजकतालाई रोक्छु भन्दै गर्दा पूर्ण प्रेस स्वतन्त्रता कुण्ठित हुन नदिनेबारे पनि सोच्नुपर्ने उनको भनाइ थियो।

सांसद सुमना श्रेष्ठले मिडिया काउन्सिललाई पूर्ण स्वायत्त बनाउनुपर्ने र गठनमा समानुपातिक तथा समावेशी दृष्टिकोण राखेर जानुपर्ने सुझाव दिइन् ।

सांसद विद्या भट्टराईले नागरिकले सही सूचना पाउने अधिकारलाई विधेयकको मूल आधार बनाउनुपर्ने बताइन् । उनले भनिन्, 'मिडियाले निष्पक्षता र पारदर्शिता कायम राख्नुपर्छ। यसबिना लोकतन्त्र र पारदर्शिता सम्भव छैन। विधेयकले यसलाई पूर्ण रूपमा सम्बोधन गर्नुपर्छ ।'

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले विद्युतीय, अनलाइन र छापा पत्रकारितालाई मर्यादित, उत्तरदायी र विश्वसनीय बनाउन विधेयक आवश्यक रहेको बताए । 'हाल मिडिया क्षेत्रमा अराजकता देखिन्छ, त्यसलाई नियमन गर्न जरुरी छ। विधेयकको नाम 'आमसञ्चार परिषद्' राख्ने सहमति भएको छ । सुझावअनुसार यसलालाई पूर्ण स्वायत्त बनाइनेछ' उनले भने ।

सांसद दीपा शर्मा, सरिता भुसाल, प्रभु हजरा, डा.चन्द्रकान्त भण्डारी, ज्ञानु बस्नेत सुवेदी, डा कालुराम राईलगायतले विधेयकबारे आफ्ना धारणा राखेका थिए ।

पत्रकारिता क्षेत्रमा पेसागत तथा व्यावसायिक आचरण कायम राख्न तथा स्वनियमलाई पवर्द्धन गरी स्वच्छ, स्वतन्त्र र जवाफदेही पत्रकारिताको विकास तथा संरक्षणका लागि स्वायत्त नियामक निकायका रूपमा मिडिया काउन्सिलको स्थापना र सञ्चालन सम्बन्धमा नयाँ कानुनको मस्यौदा आवश्यक रहेको विधेयकमा भनिएको छ ।

# एनआरएनए मलेसियामा सहमति अगष्ट ३०–३१ मा एकताको अधिवेशन



**तिलोचन गौतम / मध्यान्ह**
क्वालालम्पुर, ४ साउन

गैर आवासीय नेपाली संघ (एनआरएनए) मलेसियामा अगष्ट ३०-३१ मा एकताको अधिवेशन गर्ने सहमति जुटेको छ । संस्थाको ९औं अधिवेशन नजिकिँदै गर्दा एनआरएनए मलेसियाको आन्तरिक विवाद छरपष्ट भएसँगै संघ दुई धारमा देखिएको थियो । कार्यवाहक अध्यक्ष इन्द्रनारायण लिम्बू र अध्यक्ष राकेशप्रसाद महतोको हस्ताक्षरमा अधिवेशनबारे फरक-फरक सूचना प्रकाशित गरेसँगै संघभित्र रहेको असन्तुष्टि बाहिरिएको थियो । आन्तरिक विवादले मलेसियामा रहेका व्यवसायी, बुद्धिजीवी र श्रमिकहरू समेत निराश भएका थिए ।

विवादित संघले जुलाई २७ तारिक आइतबार अधिवेशन गर्ने तय भएको थियो। २७ तारिकका लागि तोकिएको अधिवेशनलाई खारेज गर्दै ३०-३१ अगष्टमा एकताको अधिवेशन गर्ने घोषणा गरिएको छ। एकताको अधिवेशन गर्ने सहमतिसँगै मलेसियामा रहेका व्यवसायी बुद्धिजीवी र श्रमिकहरूमा उत्साह सञ्चार भएको छ ।

## कारागार...

भागेका थिए । बाँकेको सुधार गृहमा २०७९ माघ अन्तिम साता आगजनी भएको थियो ।

कारागार र सुधारगृहमा एकपछि अर्को झडपका घटना भएपछि प्रतिनिधि सभाअन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिले देशका विभिन्न जिल्लामा रहेका सुधारगृह र हिरासतमा पुगेर स्थलगत अध्ययन गरेको थियो । अध्ययनपछि समितिले कारागार र सुधारगृहको भौतिक संरचनाकै सुधारको आवश्यकता औंल्याएको थियो ।

कानुन, न्याय तथा मानव अधिकार समितिकी सभापति विमला सुवेदीका अनुसार कारागार र बाल सुधारगृहमा 'भौतिक संरचना नै अपुग छ । बस्ने ठाउँहरू साँघुरा छन्। क्षमताभन्दा पाँच गुणासम्म बढी कैदीबन्दी रहने अवस्था छ। यस्तो कारणले समेत कैदीबन्दीको मनोविज्ञानमा नकारात्मक असर गरेको छ ।'

स्थलगत अनुगमनपछि संसदीय समितिले पर्याप्त हावा र प्रकाश छिर्ने गरी कोठाको व्यवस्थापन हुन नसकेको, शौचालय, स्नानकक्ष, अध्ययनकक्ष स्थलको व्यवस्था हुन नसकेको औंल्याएको थियो । सुत्नका लागि ठाउँकै अभाव, पर्याप्त डसना र सिरक नभएको भनेर पनि सरकारको ध्यानाकर्षण गराएको थियो ।

स्वच्छ पानीको पर्याप्त आपूर्तिसमेत हुन नसकेको भनेर संसदीय समितिले औंल्याएअनुसार काम भए/नभएको पुनः अध्ययन भएको छैन । यस्तो वातावरणले समेत कैदीबन्दीको मनोभावमा प्रभाव पारिरहेको हुन्छ । जसले झडपको अवस्था सिर्जना गर्नमा भूमिका खेलिरहेको हुन्छ ।

संसदीय समितिकी सभापति सुवेदी खुला कारागारको अवधारणा प्रभावकारीरूपमा लागू गर्न सक्दा केही सुधार गर्न सकिने बताउँछिन् । कैदीबन्दीको संख्या कम गर्न यो अवधारणा प्रभावकारी हुने उनको राय छ ।

'बन्दीहरु एउटा न एउटा समस्या नभइ कारागार वा सुधारगृह पुगेका हुँदैनन् । अझ नकारात्मक वातावरण कारागार वा सुधारगृहमा रह्यो भने व्यक्तिको विकास सही नहुन सक्छ। यसमा राज्यले ख्याल गर्नुपर्छ ।'

## प्रधानमन्त्रीको ....

आएको परराष्ट्र मन्त्रालय स्रोतले जनाएको छ ।

प्रधानमन्त्री ओली सेप्टेम्बर १६ तारिक नयाँ दिल्ली गएर १७ तारिक स्वदेश फर्कने कार्यक्रम तय भएको मन्त्रालयका अधिकारीले बताएका छन् । 'भारतीय समकक्षी नरेन्द्र मोदीका तर्फबाट निम्ता आएपछि प्रधानमन्त्री ओली त्यसतर्फ जान लागेका हुन्', उनले भने ।

उनको भ्रमणको विषयमा प्राथमिकताका आधारहरू तयार हुन भने बाँकी छन् । नेपाली भूमि रहेको, तर भारतले दाबी गर्दै आएको लिम्पियाधुरा, कालापानीसहितका भू-भागको विषय, द्विपक्षीय व्यापारका समस्या समाधानलगायतका विषय प्रधानमन्त्रीको प्राथमिकतामा पर्छन् या पर्दैनन् भन्ने आम चासोको विषय बनेको छ ।

## कोइरालाको...

र सुशासनका बारेमा छलफल चलाएका थिए। त्यस्तै आइतबार कोइरालाले पार्टीका फरक-फरक समूहका सांसदहरूलाई छुट्टा-छुट्टै भेट गरेका छन् । बिहान बत्तीसपुतलीस्थित अनुपम फुडल्याण्डमा एउटा समूहसँग भेट गरेका उनले दिउँसो अनामनगरस्थित किम्ची रेष्टुरेन्ट र दरबारमार्गस्थित याक एण्ड यति होटलमा भेटघाट गरेको सांसद राजेन्द्र बजगाईंले जानकारी दिए । उक्त छलफललाई लिएर राजनीतिक बजारमा एकखालको तरंग उत्पन्न भएको छ ।

नेता कोइरालाको यो अभियानलाई सरकार परिवर्तनसम्मको प्रयासका रूपमा हेरिएको छ । उनले पार्टीभित्र आफ्नो समूहमा रहेका ३२ सांसदबाट बढाएर ४५ पुर्‍याउने प्रयासमा छन् । त्यसका लागि कांग्रेस महामन्त्री गगनकुमार थापासमेत सँगै हुनुपर्ने हुन्छ। शेखरकै समूहबाट महामन्त्री जितेका थापा पछिल्लो पटक आफ्नै समूह बनाउन केन्द्रित छन् । यदि महामन्त्री थापासहित आफ्नो पक्षमा सांसदहरूको संख्या बढाउन सके संसदीय दलको नेता नै परिवर्तनसम्मको अवस्था रहन सक्ने नेताहरूले बताएका छन् । यद्यपि उनको यो योजना सफल हुने संकेत देखिएको छैन ।

नेता कोइरालाले केही दिनअघि पार्टी सभापति शेरबहादुर देउवालाई अब सरकारको नेतृत्व कांग्रेसले लिनुपर्ने र त्यसमा सभापतिले भूमिका खेल्नुपर्ने सुझाव दिएका थिए । उनको यो सुझावप्रति देउवा मौन छन् । १४औं महाधिवेशनमा देउवासँग सभापतिको प्रतिस्पर्धामा रहेका कोइराला पार्टीमा ४० प्रतिशतको हैसियतमा छन् ।

सत्ता परिवर्तनको एजेण्डा बोकेर कांग्रेसलाई फकाउने प्रयासमा रहेका पूर्वप्रधानमन्त्री एवं माओवादी अध्यक्ष प्रचण्डलाई बल पुग्नेगरी कोइरालाले राजनीतिक गतिविधि गरिरहेपनि अहिले नै सरकार परिवर्तन सम्भव नरहेको राजनीतिक विश्लेषक पुरञ्जन आचार्यले बताए ।

'नेता कोइरालाले पार्टी सभापति शेरबहादुर देउवालाई पटक-पटक सरकारको नेतृत्व गर्नुस् भनेपनि ओलीबाट सत्ता खोस्ने विषयमा देउवा लागेको देखिँदैन', उनले मध्यान्हसँग भने, ' यो विषयमा कि सभापति देउवा नै सकारात्मक हुनुपर्‍यो, अथवा नेता कोइरालाले पार्टी संसदीय दलमा बहुमत जुटाउन सक्नुपर्‍यो । यी दुबै विषय सजिला नभएकाले अहिले नै सत्ता परिवर्तनको संकेत देखिएको छैन ।'

तर सरकारलाई खबरदारी गर्दै सच्चिन दबाब दिने कुरामा नेता कोइरालाको भूमिका महत्वपूर्ण र सकारात्मक रहेको उनले बताए। कोइरालाले आफ्नो पार्टी सरकारमा रहेपनि सत्तामा नरहेको भन्दै सत्ताको सँधै खबरदारी गर्नु लोकतान्त्रिक व्यवस्थाको सुन्दर पक्ष भएको आचार्यले बताए । संसदका ठूला २ दल कांग्रेस-एमालेबीच भएको सत्ता सहकार्यको सहमतिअनुसार सरकारले काम गर्न नसकेको उनको टिप्पणी छ। 'सरकार जुन काम गर्छु भनेर ठूला दलबीच गठबनधन भएको थियो, त्यसमध्ये २ दलको सरकार बन्ने बाहेक सहमतिका कुनैपनि बुँदा कार्यान्वयन भएको छैन । यसले जनताप्रतिको निरासा थप बढेको छ ।'

अघिल्लो असारमा भएको एमालेसँगको सहमतिअनुसार २०८३ असारमा प्रधानमन्त्री हुने आशाकासाथ देउवा ढुक्क बसेका छन्। ओलीले पनि देउवालाई ०८३ असारमा प्रधानमन्त्री किस्तीमा हालेर दिने अभिव्यक्ति पटक-पटक दोहोर्‍याएका छन्। तर कांग्रेसका कतिपय नेताहरूले ओलीको अभिव्यक्तिमा अविश्वासको गन्ध देखेको दाबी गर्छन् । नेता कोइरालालको सत्ता परिवर्तनको प्रयासका सन्दर्भमा अहिले नै यसै भन्न सक्ने अवस्था पनि छैन ।

पार्टीका सांसदहरूसँगको भेटका सन्दर्भमा सांसद बजगाईंले देशको पछिल्लो राजनीतिक अवस्था र सुशासनका बारेमा कुरा भएको बताए। 'भेटमा मुलुकको पछिल्लो राजनीतिक अवस्था र पार्टीले खेल्नुपर्ने भूमिकाका सम्बन्धमा छलफल गर्नु भएको छ', उनले मध्यान्हसँग भने, 'नेता कोइरालाले अहिले पार्टी सभापतिलाई संसदीय दलबाट हटाउनेगरी आफ्नो पक्षमा सांसदको संख्या पुर्‍याउने प्रयास गर्नुभएको होइन । यो सरकार जुन एजेण्डा बोकेर बनेको थियो, त्यसअनुसार चल्न नसकेको, सुशासनको अवस्था कमजोर भएको र भ्रष्टाचार बढीरहेको, सहकारी पीडितका समस्या समाधानमा काम नभएकालगायत समसामयिक विषयमा सांसदहरूसँग फरक-फरक समय र स्थानमा छलफल चलाइरहनुभएको छ ।'

कांग्रेस पार्टीको एउटा समूहले सांसदमार्फत देशको बेथितिका बारेमा जनतलाई पु¥याउने र सरकारलाई सच्चिन मौका दिने योजनाका साथ नेता कोइरालाले यस्ता राजनीतिक गतिविधि सञ्चालन गरेको उनको दाबी छ । सातबुँदे सहमतिमा बनेको सरकारको नेतृत्व एमाले अध्यक्षले गर्ने सहमति कार्यान्वयन गरेको र ०८३ असारमा कांग्रेस सभापतिलाई हस्तान्तरण गर्ने बुँदाको कार्यान्वयन बाहेक बाँकी मुद्दा अलपत्र परेको नेता कोइरालाको टिप्पणी छ । त्यसलाई तत्काल सुधार गर्ने, नेतृत्व परिवर्तन गर्ने वा कांग्रेसमै संसदीय दलको नेतृत्व परिवर्तन गरेर वैकल्पिक बाटोमा जाने विकल्पसमेत बाँकी रहेको कोइराला निकटका नेताहरूले बताएका छन् ।

## संघमा ...

ग्रहण गरेका छन् । संघका अध्यक्ष भुवनसिंह गुरुङले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको विधान २०४९ को दफा १७ (१) अनुसार अल जाफर इन्टरनेशनल प्रा.लि.का सञ्चालक मोहमद जवारुदिन मियाँ, भर्षा मेनपावर प्रा.लि.का सञ्चालक रविन मेगाले मगर, रेडियन्ट ओभरसिज प्रा.लि.का सञ्चालक शिवकुमार कार्की र रोज ह्युमन रिसोर्सेस प्रा.लि.की सञ्चालिका सविताकुमारी सिंहलाई सदस्यमा मनोनीत गरेका थिए ।

## कुवेत...

उनलाई वैदेशिक रोजगार ऐनअनुसार अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले जनाएको छ ।

# रुपन्देही उपनिर्वाचनका लागि निर्वाचन कार्यक्रम स्वीकृत

**काठमाडौं / मस**–निर्वाचन आयोगले रूपन्देही प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं ३ मा आगामी कात्तिक १७ गते हुने उपनिर्वाचनको निर्वाचन कार्यक्रम स्वीकृत गरेको छ । आयोगका सहसचिव एवम् प्रवक्ता नीता पोखरेल अर्यालले कार्यक्रमअनुसार असोज २४ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने, असोज २१ गते बिहान १०:०० देखि बेलुका ५:०० बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयन दर्ता हुने बताए ।



सोही दिन बेलुका ५:०० देखि ७:०० बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुनेछ भने असोज २२ गते बिहान १० देखि दिउँसो ३:०० बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिन सकिनेछ ।

सोही दिन दिउँसो ३:०० देखि असोज २३ गते बेलुका ५:०० बजेसम्ममा मनोनयनपत्र र उजुरीउपर जाँचबुझ एवं निर्णय गरी ७:०० बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको नामावली प्रकाशन गरिनेछ ।

यस्तै, असोज २४ गते बिहान १०:०० देखि दिउँसो १:०० बजेसम्म उम्मेदवारको नाम फिर्ता लिन सकिनेछ भने सोही दिन दिउँसो ३:०० बजेसम्ममा निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनेछ ।

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ को समानुपातिक निर्वाचन प्रणालीतर्फ बन्दसूचीमा नाम समावेश भएको व्यक्तिले भने उम्मेदवार हुन नपाउने कानुनी व्यवस्था रहेको आयोगले जनाएको छ ।

**यूएईमा रोजगार**

कम्पनी: HIAM ALLAYL TECHNICAL SERVICES — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/०२/२९ — चलानी नं:६०२३९४०६ — LT. No.: 325314

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolder | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Tile Layer | 10 | 0 | | 1200 | ४४,९४० | | | | | | | |
| 3. | Carpenter | 10 | 0 | | 1200 | ४४,९४० | | | | | | | |
| 4. | Mason | 10 | 0 | | 1200 | ४४,९४० | | | | | | | |
| 5. | Steel Fixture | 13 | 0 | | 1200 | ४४,९४० | | | | | | | |
| 6. | Stone Mason | 10 | 0 | | 1200 | ४४,९४० | | | | | | | |

कम्पनी: ALLWIN BUILDING MAINT AND CLEANING SERVICES L.L.C — शहर: AJMAN
पूर्व स्वीकृत मिति: २०८२/०२/२५ — चलानी नं: ६०२३९२७९ — LT. No.: 325313

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Tile Layer | 10 | 0 | | 1200 | ४४,९४० | | | | | | | |
| 3. | Carpenter | 10 | 0 | | 1200 | ४४,९४० | | | | | | | |
| 4. | Mason | 10 | 0 | | 1200 | ४४,९४० | | | | | | | |
| 5. | Steel Fixture | 5 | 0 | | 1200 | ४४,९४० | | | | | | | |
| 6. | Stone Mason | 5 | 0 | | 1200 | ४४,९४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १२ गते (28 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.**
ईजाजत नं. ९३४/०६७/०६८
बसुन्धारा-३, काठमाडौं, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com

# भदौभित्र स्वास्थ्य बीमाको सम्पूर्ण रकम भुक्तानी गरिनेछ : स्वास्थ्यमन्त्री

**मध्यविन्दु (नवलपरासी) / मस–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले स्वास्थ्य बीमाबापतको भुक्तानी गर्नुपर्ने सबै रकम भदौ महिनाभित्रमा भुक्तानी गरिने बताएका छन् । नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को हुप्सेकोट गाउँपालिका-४ झ्यालवासमा देउराली प्राथमिक अस्पतालको उद्घाटन गर्दै उनले दुई किस्तामा गरेर बीमाबापतको बाँकी भुक्तानी पूरा गरिने बताए ।

यसरी प्राप्त हुने रकम स्वास्थ्य सेवा विस्तारमा लगानी गर्न आग्रह गर्दै स्वास्थ्यमन्त्री पौडेलले भने, 'बीमा बापत अस्पतालहरूले प्राप्त गर्ने रकम केही प्रतिशत स्वास्थ्य सेवा विस्तारमा खर्च गर्न म अनुरोध गर्न चाहन्छु । अब प्राप्त हुने बीमा बापतको रकममध्ये ३०-४० प्रतिशत भए पनि स्वास्थ्य सेवा विस्तारमा खर्च गर्नसके राम्रो हुनेछ ।'

पछिल्लो समय सरकारी अस्पतालमा नागरिकको विश्वास बढेकाले उपचारका लागि आकर्षण बढेको मन्त्री पौडेलले बताए ।

सीमित साधनस्रोतले सबै बिरामीको चाप थेग्न नसक्ने हुँदा अब सबै पालिकामा प्राथमिकस्तरको अस्पताललाई सेवासुविधायुक्त बनाउने सरकारको लक्ष्य रहेको उनको भनाइ थियो ।

साउन १ गतेदेखि देशभरका ४८ वटा अस्पतालले नयाँ भवनबाट सेवा सुरु गरेको जानकारी दिँदै मन्त्री पौडेलले स्थानीय सरकारको नेतृत्वमा सञ्चालन हुने ती अस्पतालमा प्रदेश र संघ सरकारले स्रोतसाधन उपलब्ध गराउने बताए ।



उनले विभिन्न जटिल रोगहरूको उपचारमा नागरिकलाई सहुलियत प्रदान गर्न राज्यले एकमुष्ट रकम छुटको सुविधा प्रदान गरेको बताए ।

'स्वास्थ्य सेवामा सुधार गर्न सकिएन भने देशमा गणतन्त्र आएको नागरिकले अनुभूति गर्ने छैनन्',उनले भने, 'सबै नागरिकलाई स्वास्थ्य बिमामा आबद्ध गराई न्यूनतम लागतमा स्वास्थ्य सेवा उपलब्ध गराउन सरकार प्रतिबद्ध छ ।'

हुप्सेकोट गाउँपालिका-४ झ्यालवासमा रहेको पाँच शय्याको देउराली प्राथमिक अस्पतालबाट आइतबारदेखि नै सेवा सञ्चालन गरिएको छ ।

**बच्चाको मधुमेहको परीक्षण र उपचार निःशुल्क**

मन्त्री पौडेलले बालबालिकामा हुने मधुमेहको परीक्षण र उपचार निःशुल्क गर्ने तयारी गरिरहेको बताएका छन् ।

गैंडाकोटमा आयोजित मधुमेह परीक्षण तथा जनचेतना कार्यक्रममा उनले सातवटै प्रदेशमा सेवा सञ्चालनको तयारी गरिरहेको बताए ।

'बालबालिकामा हुने मधुमेह परीक्षण र उपचारका लागि सातवटै प्रदेशमा निःशुल्क गर्नेगरी हामीले काम अगाडि बढाइरहेका छौँ', स्वास्थ्यमन्त्री पौडेलले भने, 'बुढ्यौलीतर्फ उमेर ढल्किँदै गएपछि मधुमेह हुन्छ भन्ने मानसिकता समाजमा रहेको छ, तर बच्चाहरुलाई पनि यो रोग लाग्ने रहेछ ।' नेपालको स्वास्थ्य व्यवस्थामा बालबालिकामैत्री विशेष कार्यक्रम ल्याउनु जरुरी रहेको मन्त्री पौडेलको भनाइ छ । वंशाणुगत रोगसहितका अन्य रोगका बारेमा विशेष कार्यक्रम ल्याएर बालबालिकालाई सम्बोधन गर्नुपर्ने उनले बताए । 'पछिल्लो समय समाजमा बालबालिकाका विषयमा थुप्रै समस्या देखिएका छन्', उनले भने, 'मोबाइल, टिभी, ल्यापटपसहितका डिजिटल उपकरण प्रयोग गर्न स्क्रिनमा हेर्ने विषयले समस्या निम्त्याउँदै गएको छ ।' बच्चाहरुलाई हुनसक्ने समस्याका बारेमा सबैले सावधानी अपनाउनुपर्ने र सरकारले उपचारमा सहजीकरण गर्नुपर्ने मन्त्री पौडेलले बताए ।

बालबालिका र ज्येष्ठ नागरिकको उपचारलाई निःशुल्क कसरी बनाउन सकिन्छ भन्नेतर्फ राज्यले नीति निर्माण गर्नुपर्ने उनको भनाइ छ ।

# प्रेस युनियनको १०औं महाधिवेशन जेठमा



**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ साउन

नेपाल प्रेस युनियनले १० औं महाधिवेशन आगामी जेठमा गर्ने गरी आफ्नो कार्यकाल थप गरेको छ । हेटौंडामा भएको प्रेस युनियनको नवौं महाधिवेशनको तीन वर्षे कार्यकाल सकिएको छ । युनियन अध्यक्ष शिव लम्सालको अध्यक्षतामा काठमाडौंमा सम्पन्न केन्द्रीय समितिको पूर्ण बैठकले समयावधि थपसहित महाधिवेशनको मिति तोक्ने निर्णय गरेको हो ।

विधान अनुसार विशेष परिस्थितिलाई ध्यानमा दिँदै वर्तमान केन्द्रीय कार्य समितिको समयावधि १ वर्ष थप गर्ने निर्णय गरेको महासचिव दिलीप पौडेलले जानकारी दिए । संगठनको विधान समयानुकुल संशोधन गर्न २०८२ मंसिरमा विधान सभा आयोजना गर्ने त्यसपश्चात जिल्ला, प्रदेश अधिवेशन सकेर जेठ भित्रै १० औं महाधिवेशन गर्ने गरी निर्णय भएको पौडेलले बताए ।

विधान संशोधनका लागि वरिष्ठ उपाध्यक्ष प्रेम के.सीको संयोजकमा १४ सदस्य मस्यौदा समिति निर्माण गरिएको छ । समितिमा उपाध्यक्षहरु सलोजा दाहाल, जीवन भण्डारी, डा.मुरारी अधिकारी, अनिल कुमार कर्ण, उपमहासचिव युवराज गौतम, सुलोचना गौतम, अभय राई, सचिवहरु केदार दाहाल, खगेन्द्र भण्डारी, भुवन शर्मा, राजन रुचाल, लालकुमार मोक्तान, पुष्पा शर्मा, केन्द्रीय सदस्य मुक्तिबाबु रेग्मी सदस्य रहेका छन् ।

बैठकमा युनियनको तीन वर्षे कार्यकालको समीक्षा गर्दै आगामी दिनमा संगठनलाई थप गतिशील, चलायमान बनाउने योजनासहित केन्द्रीय विभाग, प्रदेश समिति र जिल्ला शाखाहरूलाई परिचालन गर्ने समेत निर्णय गरेको छ । लोकतन्त्रमा आस्था राख्ने पत्रकारहरूलाई विधान बमोजिम सदस्यता दिने प्रदान गर्न साउन १५ देखि कात्तिक २१ गतेसम्म सदस्यता नवीकरण तथा वितरणको सय दिने विशेष अभियान सञ्चालन गर्ने निर्णय गरिएको छ ।

यस्तै पत्रकार कल्याणकारी कोष स्थापना गर्ने निर्णय केन्द्रीय समितिले गरेको छ । कोषलाई व्यवस्थित गर्न र रकम संकलन गर्नका लागि कोषाध्यक्ष माधव धितालको संयोजकत्वमा केन्द्रीय सदस्य मित्र भण्डारी, कपिल कोइराला, नारायणी रजौरे, तेजना पण्डित र आठै प्रदेशका अध्यक्षहरु सदस्य रहेको समिति गठन गर्ने निर्णय गरेको छ । नेपाल पत्रकार महासंघको निर्वाचनमा प्रेस युनियनको निर्देशन तथा निर्णय विपरित उम्मेदवारी दिने र आधिकारीक उम्मेदवारलाई असहयोग गरी कारबाहीमा परेका सदस्यलाई आत्मआलोचनासहित कारबाही फुकुवाका लागि शाखामार्फत अनुशासन समितिमा लिखित निवेदन दिई फुकुवा गर्ने युनियनले निर्णय लिएको छ ।

त्यस्तै अदातलले डिजिटल प्रकाशनको मर्ममा असर पुग्ने गरी समाचारको तथ्य जाँच नगरी समाचार डिलिट गर्न विगतमा दिएको अन्तरिम आदेश संवैधानिक मर्म विपरित भएको ठहर गर्दै आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन सरोकारवालाको ध्यानाकर्षण गर्ने निर्णय गरेको छ ।

श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गर्न, पत्रकारलाई नियमित तलब सुविधा उपलब्ध गराउन सञ्चार प्रतिष्ठानलाई आग्रह गर्ने, सम्पूर्ण सञ्चारकर्मीलाई सञ्चार कर्म गर्दा अनिवार्य रुपमा पत्रकार आचारसंहिता पालना गर्न आग्रह गर्ने निर्णय गरेको छ ।

सञ्चारमाध्यमलाई सरकारले दिँदै आएको लोककल्याणकारी विज्ञापन वितरणलाई व्यवस्थित र पारदर्शी बनाउन, सुविधा वृद्धि गर्न, अनलाइन सञ्चारमाध्यमलाई पनि लोककल्याणकारी विज्ञापन दिने व्यवस्था गर्न सरकार र मातहतका निकायका ध्यानाकर्षण गर्ने, सरकारी विज्ञापनमा समानुपातिक व्यवस्था प्रणाली लागू गर्न विज्ञापन बोर्डलगायत सरकारसँग माग गर्ने निर्णय गरेको छ ।

नेपाल प्रेस युनियनको आयोजनामा नेपालमा पहिलो पटक 'लोमन्थाङ इन्टरनेस्नल मिडिया समिट समिटको विस्तृत प्रतिवेदन छिट्टै विशेष कार्यक्रम आयोजना गरी सार्वजनिक गर्ने जनाएको छ ।

यसैगरी संघीय सरकार, प्रदेश, स्थानीय सरकारलाई प्रेस तथा अभिव्यक्ति मैत्री कानुन निर्माण गर्न, पत्रकारिताको बदलिँदो अभ्यासलाई आत्मसाथ गर्दै युट्युवलगायत सामाजिक सञ्जालमा भइरहेको पत्रकारितालाई व्यवस्थित, मर्यादित, जिम्मेवार र जवाफदेही बनाउन आग्रह गर्ने , पछिल्लो समय पत्रकारितामा बढ्दो कृत्रिम बौद्धिकता (एआई) को प्रयोगलाई व्यवस्थित गर्न आवश्यक प्रशिक्षण, साक्षरताका लागि युनियनले अभियान चलाउने र एआईको नियमनका लागि आवश्यक नीति तर्जुमा गर्न सरकारलाई आग्रह गर्ने निर्णय गरेको युनियनले विज्ञप्ति मार्फत जनाकारी दिएको छ ।

# खाद्यविद् बरालको 'म:म:का पाइलाहरू' विमोचन



**बेलायत / मस–** खाद्य तथा स्वादका राजदूतका रुपमा परिचित विनोद बरालद्वारा लिखित 'म:म:का पाइलाहरु' कृतिको विमोचन सम्पन्न भएको छ ।

बेलायतमा बसोवास गर्दै आएका बरालको पुस्तक लण्डनस्थित विजनेश डिजाइन सेन्टरको 'दि नेशनल जियोग्राफ़िक ट्राभलर फुड फेस्टिभल'मा कृति विमोचन भएको हो । साहित्यकार युवराज नयाँघरे, समाजसेवी तथा सामाजिक अभियन्ता नवीन गुरुङ, लेखक बराल, उद्यमी जनक राई, मदिराविद् तारा वाइबनले संयुक्तरुपमा कृति विमोचन गरेका थिए ।

विमोचनपछि साहित्यकार नयाँ घरेले हरेक परिकारसँगै देश, संस्कृति र आफनो मौलिकता पनि सँगै जाने भन्दै यो कृतिमार्फत नेपाली पहिचान र गौरव पनि साथै आएको बताए । 'नेपाली जनजातिका अन्य खाना, परिकार र खाद्य स्वादका इतिहास जोगाउन यस्ता कृतिले उल्लेख्य भुमिका खेल्ने छन्', नयाँघरेले भने, 'यसका निम्ति कृति लेखक बराल बधाइका पात्र हनुहुन्छ ।' कार्यक्रममा लेखक बरालले आफू नेपाली परिकार अन्तर्राष्ट्रिय स्तरमा पुर्याउन सधैं क्रियाशील भइरहने प्रतिबद्धता व्यक्त गरे । अभियन्ता गुरुङ, उद्यमी राई र मदिराविद् वाइबन लगायतले कृति सफलताका लागि शुभकामना दिएका थिए । कार्यक्रमको आयोजक मो: मो : फाउन्डेसन र सहआयोजकमा सरस्वती केन्द्र नेपाल रहेको थियो । गण्डकी प्रदेशको पोखरामा जन्मिएका बराल लामो समयदेखि लण्डनमा बस्दै आएका छन् । म:म: शिरोमणिका रुपमा चर्चित बराल बेलायतमा रहेर पनि समाजसेवा र नेपाली समुदायको सहयोगका लागि उत्तिकै क्रियाशील रहेका छन् ।

नेपाल-भारत प्राज्ञिक भेला

# साझा सम्बन्ध सुदृढ बनाउनुपर्नेमा जोड

**इसत्याक अहमद / मध्यान्ह**
वीरगञ्ज, ४ असार

नेपाल-भारत मिल्लत काउन्सिलको आयोजनामा वीरगञ्जमा भएको 'नेपाल-भारत प्राज्ञिक भेला'मा दुई देशबीचको ऐतिहासिक, सामाजिक तथा धार्मिक सम्बन्धबारे छलफल गरिएको छ ।



कार्यक्रममा सहभागी वक्ताहरूले विशेष गरी मुस्लिम समुदायको साझा सांस्कृतिक पक्षले नेपाल-भारत सम्बन्धलाई अझ प्रगाढ बनाउन महत्त्वपूर्ण योगदान दिएको उल्लेख गरेका छन् ।

कार्यक्रमका प्रमुख अतिथि, कानुन, न्याय तथा संघीय मामिला मन्त्री अजयकुमार चौरसियाले नेपाल-भारत सम्बन्धलाई मजबुत बनाउन कानुनी, कूटनीतिक र सामाजिक तहमा सहकार्य आवश्यक रहेको औंल्याउँदै मुस्लिम समुदायजस्ता साझा संस्कृतिहरू दुई देशलाई अझ नजिक ल्याउने कडी भएको बताए ।

कार्यक्रमको अध्यक्षता नेपाल-भारत मिल्लत काउन्सिलका अध्यक्ष तथा मुस्लिम आयोगका पूर्वअध्यक्ष समिम मियाँ अन्सारीले गरेका थिए । कार्यक्रममा उनले दुई देशका मुस्लिम समुदायबीचको ऐतिहासिक, धार्मिक र पारिवारिक सम्बन्धको चर्चा गरे । उनले १९५० को नेपाल-भारत मैत्री तथा शान्ति सन्धिको धारा ७ लाई दुई देशबीचको सजीव सम्बन्धको कानुनी आधारका रूपमा व्याख्या गरे ।

डेनमार्कका लागि नेपालका पूर्वराजदूत विजयकान्त कर्णले नेपाल-भारत सम्बन्धको ऐतिहासिक पृष्ठभूमि र त्यसमा मुस्लिम समुदायको योगदानबारे विश्लेषण गर्दै धार्मिक सहिष्णुता र बहुसांस्कृतिक सहअस्तित्वमा आधारित सम्बन्धको प्रवर्द्धन आवश्यक रहेको धारणा राखे ।

पूर्वमन्त्री तथा संविधानसभा सदस्य मोहम्मद जाकिर हुसैनले कार्यक्रम सञ्चालन गर्दै 'पिपल टु पिपल' सम्बन्ध नै दुई देशबीच स्थायी सेतु भएको उल्लेख गरे । उनले भने, 'राजनीतिक सम्बन्धभन्दा पर जनताको आत्मीयता नै दिगो मित्रताको आधार हो, जहाँ मुस्लिम समुदायको भूमिका अझ सशक्त हुनसक्छ ।'

कार्यक्रममा पूर्वमन्त्री अब्दुल खान, मधेश प्रदेशका पूर्व मुख्यमन्त्री लालबाबु राउत, राष्ट्रिय सभा सदस्य खालिद सिद्दीकी, नेशनल मेडिकलका अध्यक्ष जैनुद्दीन अन्सारी, मुस्लिम आयोगका निवर्तमान अध्यक्ष महमदिन अली, जमियत उलमाए नेपालका मौलाना मोहम्मद खालिद सिद्दीकी, उपाध्यक्ष असगरअली मदनी, नेशनल मेडिकलका संस्थापक बसरुद्दिन अन्सारी, नेपालकी पहिलो मुस्लिम महिला पूर्वमन्त्री करिना बेगम र पर्सा जिल्ला प्रहरी कार्यालयका प्रमुख गौतम मिश्रसहितका विशिष्ट व्यक्तित्वहरूले आ-आफ्नो धारणा राख्दै साझा सामाजिक र धार्मिक पक्षहरूलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए ।

कार्यक्रममा विभिन्न प्राज्ञ, समाजसेवी, धार्मिक अगुवा, शिक्षाविद् र स्थानीय बुद्धिजीवीहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

नेपाल सरकार
**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय**
**भक्तपुर क्यान्सर अस्पताल**
भक्तपुर

**AC मर्मतको लागि शिलबन्दी दररेट पेश गर्ने सूचना**

**प्रकाशित मितिः २०८२/०४/०५**

आर्थिक वर्ष २०८२/८३ को लागि यस अस्पतालको विभिन्न बिभाग तथा वार्डहरुमा जडान गरिएका Air Conditions हरुको नियमित सर्भिसिङ तथा मर्मत सम्भार कार्यको लागि इच्छुक मु. अ. करमा दर्ता भएका फर्म/कम्पनीहरूले व्यवसाय दर्ता प्रमाणपत्र, २०८०/८१ को कर चुक्ता प्रमाणपत्र र संस्थाका आधिकारिक कागजात संलग्न राखी सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस अस्पतालको खरिद शाखामा शिलबन्दी दररेट पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै Air Conditions मा प्रयोग हुने पार्ट्स पूर्जाहरूको एक वर्षमा परिवर्तन नहुने गरि दररेट पनि संलग्न गर्नुपर्नेछ ।

**यूएईमा रोजगार**
कम्पनी: WAHAT AL MASA GENERAL TRADING - LLC
पूर्व स्वीकृत मिति: २०८२/०१/०७ चलानी नं.: ६०२३६२९३ L.T. No.: 322130
शहर: Abu Dhabi पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labourer/Factory Helpers | 45 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper/ordinary labourer/loading & unloading worker/cleaner | 131 | 0 | | 800 | २९,९६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाण्डौमा २०८२ साउन १२ गते (28 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056512368, 9761890793, 9765228663, 056512369, 9769328733, Jhapa Contact 980202898
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

**युएईमा रोजगारको अवसर**
कम्पनी : National Corporation for Tourism and Hotels
पूर्व स्वीकृत मितिः २०८२/०४/०१ चलानी नं.: ६०२४१२२४
शहर: Abu Dhabi LT. No.: 327104

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaning worker cleaner | 0 | 50 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | cleaning worker | 150 | 0 | | 1000 | ३७,४५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०८२ साउन १२ गते (28 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ROYAL AND PARTNERS SERVICES PVT. LTD.**
Tokha -10, Kathmandu, Nepal | Phone no.: 01-5914938
Mobile: 9823401265 | 9851327446
Email : info@rpmanpower.com | Web. : www.rpmanpower.com
श्रम ईजाजत पत्र नं. १५८१/०७९/०८०

# अन्तर्राष्ट्रिय रेडक्रस महासंघद्वारा रौतहटको रक्तसञ्चार सेवामा अनुगमन

**रौतहट / मस–** नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयका तर्फबाट अन्तर्राष्ट्रिय रेडक्रस महासंघका नेपाल प्रतिनिधिमण्डल प्रमुख डेभिड फिसरको टोलीले रौतहटस्थित नेपाल रेडक्रस सोसाइटी शाखामा रहेको रक्तसञ्चार सेवाको अवस्थाबारे अनुगमन गरेको छ ।

विश्वका १९१ देशमा स्थापित रेडक्रस संस्था मानवीय सेवाका लागि क्रियाशील रहेको छ भने नेपालमा यसको स्थापना वि.सं. २०२० मा र रौतहटमा वि.सं. २०२७ मा भएको हो । नेपाल रेडक्रस सोसाइटी रौतहट शाखाले आफ्नै भवनबाट रक्तसञ्चार सेवा प्रदान गर्दै आएको छ, जुन सेवा गरिब, विपन्न तथा बिरामीहरुलाई निःशुल्क तथा सहुलियत शुल्कमा उपलब्ध गराउँदै आइरहेको छ ।



अनुगमनको क्रममा प्रतिनिधिमण्डलले रौतहट रक्तसञ्चार सेवाको संरचना, सेवा प्रवाह, ब्लड डोनेशनको अवस्था, प्रयोगशाला परीक्षण, कर्मचारी व्यवस्थापन, ब्लडको खपत, शुल्क, र निःशुल्क ब्लड वितरण प्रक्रियाबारे विस्तृत निरीक्षण गरेका थिए । डेभिड फिसरसहितको टोलीमा ग्लोबल फोकल पर्सन डा.इलिजाबेथ भिनेल, स्वीस रेडक्रसका डा. सोनिया अविसर, आइएफआरसी नेपाल हेर्ने वरिष्ठ अधिकृत रस्मी झा लगायत सहभागी थिए ।

नेपाल रेडक्रस सोसाइटी रौतहट शाखाका सभापति राजकिशोर यादवको अध्यक्षतामा भएको अन्तरक्रिया कार्यक्रममा उपसभापति अनुरुद्ध महतो, निलु झा, महामन्त्री धर्मेन्द्र प्रसाद सिंह, कोषाध्यक्ष रामाधार राय यादव, रक्त संयोजक संजय यादव, शेख कैमुदिन, उपमहामन्त्री हसरे आलम, प्रचार प्रसार समितिका संयोजक रामएकवाल साह, बालकिशोर जयसवाल, शाखा अधिकृत कपिलदेव पडित, रक्तसञ्चार सेवा प्रमुख लालबाबु यादव लगायत शाखाका कार्यसमिति पदाधिकारी तथा सदस्यहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा सहभागीहरूबीच अन्तर्राष्ट्रिय तथा स्थानीय तहमा रक्तसञ्चार सेवाको गुणस्तर, पहुँच, नीतिगत समन्वय र दीर्घकालीन सुधारका सम्भावनाबारे विचार विमर्श भएको थियो ।

मध्यान्ह
www.madhyanhadaily.com
५ साउन २०८२ सोमबार
21 July 2025, Monday

सम्पादकीय

## कारागार सुधारियोस्

कारागारमा कैदीहरूबीच झडप हुनु सामान्य घटना जस्तो भइसक्यो । यो भन्दा विडम्बनापूर्ण अर्को विषय के हुन्छ ? कारागार र सुधारगृहहरूमा झडपका घटना दोहोरिरहेका छन् । आइतबार सिरहा कारागारमा भएको झडप पछिल्लो एउटा उदाहरण मात्रै हो । सिरहा कारागारमा झडपमा परेर १३ जना कैदी घाइते भएका छन् । के कारणले झडप भयो त ? सिरहाका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालको जवाफ छ, 'आन्तरिक प्रशासनको नाइके तोक्नेबारेमा विवाद हुँदा झडप भएको हो ।' के यही कारणले मात्रै झडप भएको हो ? यसको पृष्ठभूमि कसरी तयार भयो ? यसबारे सरकारी अधिकारीहरू बोल्न तयार छैनन् ।

कुनै अपराध गरेबापत कारागारमा राखेर सुधार्ने उद्देश्यले जेल सजाय गरिन्छ । ताकि, अपराधको प्रायश्चित गरोस् र बाँकी जीवनमा गल्ती नगरोस् । यस निम्ति कारागारमा हुने व्यवहार ज्यादै महत्वपूर्ण हुन्छ । एकातिर कारागारमा बस्दा मानिसमा उत्पन्न हुने एकोहोरोपन र अर्कोतिर एकोहोरोपनलाई कम गर्नेभन्दा बढाउने वातावरण बन्दा झडपका घटना हुने हुन् । कारागारमा रहेका कर्मचारी, प्रहरी र समग्र प्रशासनको भूमिका कस्तो छ, त्यसले कैदीको मनोभाव सिर्जना गर्छ । यसले कारागारको अवस्था कस्तो बन्छ भन्ने तय गर्दछ । तर कारागार सुधारगृह जस्तो भइराखेको छैन र त एक पछि अर्को झडपका घटना भइराखेका छन् ।

२६ भदौ २०८० मा वीरगञ्जको विर्तास्थित बाल सुधारगृहमा दुई समूहबीच झडप भएको थियो । ४ असोज २०८० मा बाँकेको डुडुवास्थित जयेन्दु सुधार गृहमा झडप हुँदा घाइते भएका एक जनाको निधन नै भयो । १४ पुस २०७९ मा बाँकेको सुधारगृहमा रहेका कैदीबन्दी झ्यालको भेन्टिलेसन तोडेर भागेका थिए । जुन सुधारगृहमा सोही वर्ष माघको अन्तिम साता आगजनी भएको थियो । ५ भदौ २०८० मा भक्तपुरको सुधारगृहमा झडप मात्रै भएन, मूल गेट नै तोडेर बन्दीहरू बाहिर निस्किएका थिए । तिनलाई राज्यले पछि नियन्त्रणमा त लियो, तर यस्ता घटनाबाट पाठ सिकेन । एकपछि अर्को घटना कारागारमा किन भयो भन्ने अध्ययन गरेन, सुधारको नीति अवलम्बन गरेन । परिणाममा कारागार सुधारगृह बन्न सकेन र झडपजन्य घटना दोहोरिरह्यो । यसमा फेरि पनि राज्य गम्भीर बन्नै पर्छ । राज्यले अपराध गर्नेलाई जेल पठाउने काम मात्रै नगरोस्, बन्दीलाई अपराध प्रायश्चित गर्ने वातावरण पनि बनाओस्, ताकि जेलबाट निस्केको व्यक्तिले असल नागरिकको परिचय दिन सकोस् ।

# अनौपचारिक अर्थतन्त्रमा डिजिटल कारोबारको सकस

अग्रलेख



● उद्धव सिलवाल

विश्व अर्थतन्त्रमा डिजिटलाइजेसनको लहर आइरहेको छ । नेपाल त्यसको अपवाद बन्न सक्दैन र हुँदैन पनि । सोही कारणले चालु आर्थिक वर्षको बजेट २०८२/८३ को बजेटको बुँदा नं. १२५ देखि १३८ सम्म सञ्चार तथा डिजिटल पूर्वाधारको विषयलाई समेटिएको छ । उक्त बुँदाहरूमा सञ्चार तथा डिजिटल पूर्वाधारको विषयलाई समावेश गरिएको छ । जसमा बुँदा नं १२६ मा सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा विकसित नवीनतम प्रविधिहरूको खोज, अनुसन्धान, विकास र नवप्रवर्तनमा जोड दिइने उल्लेख छ । डिजिटल नेपाल फ्रेमवर्कको दोस्रो संस्करण तर्जुमा गरी डिजिटल साक्षरताका विशेष कार्यक्रम सञ्चालन गरिने उल्लेख गरिएको छ ।

योसँगै बुँदा नं १३४ मा सार्वजनिक निकायका सूचना प्रविधि पूर्वाधारमा एकरूपता ल्याउन हार्डवेयर र सफ्टवेयरको मापदण्ड तयार गरी सार्वजनिक निकायहरूले स्वदेशमा विकास भएका सूचना प्रविधि सफ्टवेयर उपयोगलाई प्राथमिकता दिनुपर्ने व्यवस्था गरिने व्यवस्था उल्लेख गरिएको छ । त्यसैगरी बुँदा नं ३३५ बैंकिङ प्रणालीबाट विप्रेषण आय भित्र्याउन र उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्न सार्वजनिक निकायबाट हुने सबै भुक्तानीलाई विद्युतीय प्रणालीमा आबद्ध गरिनेछ उल्लेख छ ।

यिनै कुरालाई ध्यानमा राख्दै २०८२ असार २७ गते उपप्रधानन्त्री एवम् अर्थमन्त्री स्तरीय निर्णयअनुसार २०८२ साउन १ गतेदेखि सबै मन्त्रालय, आयोग, सचिवालय, कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल बिमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, नेपाल दूरसञ्चार प्राधिकरण, सबै सार्वजनिक संस्थानहरू एवं बोर्ड, समिति, प्रतिष्ठानहरू सबैलाई विद्युतीय प्रणालीमार्फत भुक्तानी गर्न परिपत्र जारी भएको हो । तर, चालु आवको बजेटको बुँदा नं १९ मा डिजिटल पूर्वाधारको कमीले डिजिटल अर्थतन्त्रको विकास गति सुस्त रहेको उल्लेख गरिएको हुँदा डिजिटल कारोबारमा अझै सकसको अवस्था कायमै रहेको देखिन्छ ।

विद्युतीय प्रणालीमार्फत भुक्तानी गर्न डिजिटल सार्वजनिक पूर्वाधार (डीपीआई) विकास गर्नुपर्छ । समग्र अर्थतन्त्रको डिजिटलाइजेसनका लागि डिजिटल इकोसिस्टम आवश्यक हुन्छ । नेपाल सरकारले २०७६ मा डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनमा ल्याएको थियो । उक्त फ्रेमवर्कमा डिजिटल नेपाल फाउन्डेसन, कृषि, स्वास्थ्य, शिक्षा, ऊर्जा, पर्यटन, वित्त र सहरी पूर्वाधार गरी ८ वटा प्रमुख क्षेत्रमा ८० वटा कार्यक्रम पहिचान गरिएको थियो । तर, ती कार्यक्रमको प्रगति नाममै मात्र सीमित रहेको छ ।

सरकारले २०७६ बाट सुरु भएको डिजिटल नेपाल फेमवर्क, २०८१ सम्ममा सकिसक्नुपर्ने थियो । सरकारले राखेको लक्ष्य पूरा नभएको, यसका विभिन्न कार्यक्रम नभएका, कार्यक्रम कार्यान्वयन गर्न निकासा भएका बजेटसमेत खर्च नभएका जस्ता विभिन्न कारण देखाएर डिजिटल फ्रेमवर्कको दोस्रो भर्सन अघि बढाउने तयारी छ । चालु आवको बजेटमा नै डिजिटल नेपाल फ्रेमवर्कको दोस्रो संस्करण तर्जुमा गरी डिजिटल साक्षरताका विशेष कार्यक्रम सञ्चालन गरिने उल्लेख भएको हुँदा यसको दोस्रो संस्करण अघि बढ्ने निश्चित भएको हो ।

डिजिटल नेपालको परिमार्जित फ्रेमवर्कमा डिजिटल पब्लिक पूर्वाधार विकास तथा सुधार, साइबर सेक्युरिटी, डेटा सुरक्षा, एआई रेडिनेस, डिजिटल सिग्नेचर जस्ता विषय समेटिएका छन् । यस्तै, कानुनी सुधार, सार्वजनिक सेवाको पहुँचमा सुधार, आइसिटी ट्रेनिङ सेन्टर स्थापना, उद्योग र एकेडेमीबीच सहकार्य, निजी क्षेत्रको सशक्तीकरण, विदेशी लगानी वृद्धि, ई-वेस्ट, ग्रिन प्रोक्युरमेन्ट, आइसिटी निर्यात गर्नेलगायतका विषय समावेश गरिएको छ ।

नेपाललाई डिजिटल अर्थतन्त्रमा रूपान्तरण गर्न डिजिटल फाउन्डेसन अर्थात् डीपीआईलाई प्राथमिकता दिनुपर्ने देखिएको छ । डिजिटल अर्थतन्त्रमा रूपान्तरण हुनको लागि आधारहरू बन्दै गइरहेका छन् । नेपालको जनसंख्याको करिब २० प्रतिशत नागरिक मुलुक बाहिर बस्दछन् । बाहिर बस्दा उनीहरूले डिजिटाइजेसनको अभ्यास गरिरहेका छन् । उनीहरूले नेपालमा बसेका आफन्तसँग अनुभव साटासाट गर्छन् । जसले डिजिटाइजेसनलाई सकारात्मक दबाब दिइरहेको छ । २०७८ को जनगणनाअनुसार ७३ प्रतिशत नेपालीले स्मार्टफोन प्रयोग र ३८ प्रतिशत घरपरिवारले इन्टरनेट सेवाको प्रयोग गर्दै आएका छन् । यसले नेपालमा डिजिटल कारोबारमा सहयोग पुऱ्याउँदै आइरहेको छ । विश्वभरका मोबाइल सेवा प्रदायकहरूको छाता संगठन ग्लोबल सिस्टम फर मोबाइल कम्युनिकेसन्स एसोसिएसन (जीएसएमए)ले केही समयअघि सार्वजनिक गरेको 'द स्टेट अफ द इन्डस्ट्री रिपोर्ट अन मोबाइल मनी २०२५'




*त्रिविले सार्वजनिक गरेको नेपालको अनौपचारिक अर्थतन्त्रको आकार नामक प्रतिवेदनले ४२.६६ प्रतिशत अनौपचारिक अर्थतन्त्र रहेको देखाएको छ । यसमा भूमिगत, कालो, लुकेको, अनौपचारिक, समानान्तर, रिपोर्ट नगरिएको वा रेकर्ड नगरिएको अर्थतन्त्र समावेश हुने हुँदा त्यस्ता व्यक्ति र वर्गलाई विद्युतीय प्रणालीमा आबद्ध गराउने कार्य चुनौतीपूर्ण रहेको देखिन्छ...*

सर्वेक्षणअनुसार वार्षिक रूपमा १० खर्ब डलरको डिजिटल कारोबार हुने गरेको उल्लेख छ । नेपालमा भने नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको २०८२ जेठ मसान्तसम्मको तथ्यांकले डिजिटल वालेटमार्फत ११ महिनामा करिब साढे चार खर्ब रुपैयाँको कारोबार भएको उल्लेख छ ।

डिजिटल कारोबारको सुरुवाती चरणमा 'मोबाइल मनी' सेवा मुख्यतयाः पसलमा भुक्तानी गर्न, युटिलिटी बिल तिर्न, रेमिटेन्स र मोबाइल रिचार्ज जस्ता सीमित सेवामा केन्द्रित रहे पनि अहिले सेवा प्रदायकहरूले क्रेडिट, बचत खाता, बिमाजस्ता अन्य वित्तीय सेवाहरू पनि दिन थालेका छन् । नेपालको सूचना तथा सञ्चार प्रविधि (आइसिटी) क्षेत्रले अन्य क्षेत्रीय मुलुकहरूको तुलनामा राम्रो प्रगति गरेको छ । विशेषगरी सूचना तथा सञ्चार प्रविधि सेवामा रोजगारको प्रतिशत उच्च रहेको छ । तर पनि नेपालमा इन्टरनेट शुल्क उच्च हुनु, बारम्बार आउने नेटवर्क समस्या, ग्रामीण क्षेत्रमा इन्टरनेटको सीमित पहुँच तथा डिजिटल सीप अभावका कारण अर्थतन्त्रलाई डिजिटल रूपान्तरणमा चुनौती देखिएको हो ।

नेपालमा मोबाइल नेटवर्क विस्तार, थ्री जी कभरेज ९० प्रतिशत र फोर जी ८८ प्रतिशत जनसंख्यासम्म पुगेको छ । फाइभ जी अझै प्रारम्भिक चरणमै रहेको छ । नेपालको डिजिटल विकासलाई थप तीव्र बनाउनका लागि सरकारले डिजिटल पूर्वाधार विस्तार, नियामक सुधार, ग्रामीण दूरसञ्चार विकास कोष (आरटीडीएफ)को पुनर्संरचना, डिजिटल सीप कार्यक्रमको विस्तार तथा डिजिटल उपकरणहरूको दीर्घकालीन पहुँच सुनिश्चित गर्नुपर्ने देखिन्छ । नोट वा सिक्का रुपैयाँको हिसाब गर्न, सटही गर्न, फिर्ता गर्नुपर्छ भने नगदरहित भुक्तानीमा जति भुक्तानी गर्नुपर्ने हो त्यति नै गर्न सकिन्छ । बढी वा कम पैसा र रुपैयाँ तिर्नु पर्दैन । यसले व्यापारको लागत र समय कम गर्न सहयोग पुऱ्याउँछ । नगदरहित भुक्तानी प्रणाली भएको सपिङ सेन्टरमा कर्मचारीको आवश्यकता कम पर्छ ।

नगदरहित कारोबारले ज्ञानमा आधारित अर्थतन्त्र र डिजिटल अर्थतन्त्रको आकार बढाउन सहयोग पुऱ्याउँछ । नोटरहित कारोबार गर्नासाथ कारोबार पारदर्शी र अभिलिखित हुन्छ । कारोबार रकम कम देखाएर कुनै व्यवसायी वा व्यक्तिले कर छली गर्न सक्दैन । झुक्क्याएर कसैलाई कम भुक्तानी दिएर आर्थिक शोषण गर्न सक्दैन । अवैध कारोबार नियन्त्रणमा पनि यसले सहयोग पुऱ्याउँछ । त्यसैले नगदरहित अर्थतन्त्रले सबै व्यापार-व्यवसायको लागत घटाउँछ । अर्थतन्त्रको कार्यदक्षता बढाउँछ । नोटरहित कारोबार जति बढाउन सक्यो अर्थतन्त्र उति पारदर्शी र कार्य दक्ष बन्ने छ । अनलाइनबाट कारोबार गर्नेलाई सरकारले कर छुट दिने, अन्य सुविधा दिने नीति ल्याएर नगदरहित अर्थतन्त्रलाई बढवा दिने नीति सरकारले ल्याउनुपर्छ ।


तर, डिजिटल कारोबारमा सबै नागरिक डिजिटल र वित्तीय साक्षरता हुनुपर्छ । बैंक खाता वा स्मार्टफोन बिना नगदरहित कारोबार सम्भव हुँदैन । अन्तरदेश खाता चल्ने सुविधा पनि सञ्चालन भएको हुनुपर्छ । योसँगै व्यक्तिगत सूचना चोरी हुने सम्भावना पनि उत्तिकै रहेको छ । आफ्नो सम्पत्ति र कारोबार गोप्य राख्न सकिँदैन । मोबाइल बैंकिङ चलाउँदा केही सानो त्रुटि भयो भने छिनभरमा नै ह्याकर होस् या कुनै व्यक्तिले आफ्नो एकाउन्टमा भएको सबै पैसा निकालिदिन सक्छ । त्यसो भएकाले विद्युतीय कारोबारमा जोखिम पनि अधिक रहेको छ ।

हरेक देशमा अनौपचारिक अर्थतन्त्र हुन्छ । कतिपय व्यक्ति अवैध कारोबार गरेर पनि जीविकोपार्जन गरिरहेका हुन्छन् । अनौपचारिक अर्थतन्त्रमा यस्ता व्यक्तिको बढी वर्चस्व रहेको छ । अर्थतन्त्रको मूल आधार भनेकै उद्योग, पर्यटन र विप्रेषणलाई लिइँदै आइएको छ । विश्वमा अनौपचारिक रोजगारीको क्षेत्रलाई हेर्न हो भने अमेरिकी सेन्ट्रल इन्टेलिजेन्ट्स नामक संस्थाका अनुसार कृषिमा बाहेक करिब ५० लाखको हाराहारीमा मानिस अनौपचारिक क्षेत्रमा कार्यरत छन् । विश्वमा अनौपचारिक अर्थतन्त्रको हिस्सा क्रमशः बढ्दै गएको विभिन्न अध्ययन प्रतिवेदनहरूले देखाउँदै आएको छ । नेपालमा पनि विश्व बैंक, अन्तर्राष्ट्रिय श्रम संगठन, यूएनडीपी जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले गरेको अध्ययनले झन्डै ४० प्रतिशतभन्दा बढी अनौपचारिक अर्थतन्त्र रहेको देखाएको छ । केन्द्रीय तथ्यांक विभागले सार्वजनिक गरेको 'आर्थिक गणना २०७५'ले अनौपचारिक अर्थतन्त्रको आकार ४९ दशमलव ९ प्रतिशत रहेको देखाएको थियो ।


अनौपचारिक अर्थतन्त्रको हिस्सा बढ्दा त्यसले प्रतिस्पर्धात्मक बजारमा नकारात्मक असर पार्ने निश्चित प्रायः छ । अनौपचारिक अर्थतन्त्रले उत्पादकत्व र आर्थिक वृद्धिमा समेत असर पार्ने गर्दछ । अर्थतन्त्रको पिल्लरको रूपमा रहेको वास्तविक क्षेत्र, सार्वजनिक वित्त, बैंकिङ तथा वित्तीय क्षेत्र र बाह्य एवं वैदेशिक व्यापार र भुक्तानी क्षेत्र समस्याग्रस्त रहेका छन् । त्रिभुवन विश्वविद्यालयको अर्थशास्त्र केन्द्रीय विभागले २०८० मा सार्वजनिक गरेको नेपालको अनौपचारिक अर्थतन्त्रको आकार नामक प्रतिवेदनले ४२.६६ प्रतिशत अनौपचारिक अर्थतन्त्र रहेको देखाएको छ । अनौपचारिक अर्थतन्त्रको आकार ४०-४२ प्रतिशत हुनु भनेको धेरै हो । यसले भूमिगत, कालो, लुकेको, अनौपचारिक, समानान्तर, रिपोर्ट नगरिएको वा रेकर्ड नगरिएको अर्थतन्त्रलाई सम्बोधन गर्ने गर्छ । त्यसैले अनौपचारिक अर्थतन्त्रलाई विद्युतीय भुक्तानीमा आबद्ध गर्नु भनेको तत्कालको लागि फलामको चिउरा चपाउनु सरह नै हो ।

## इतिहासमा आज

२१ जुलाई १९९० मा ताइवानको सैन्य प्रहरीले चिनियाँ अवैध आप्रवासीहरूलाई फुजियान फिर्ता पठाउनको लागि जबरजस्ती माछा मार्ने डुङ्गाको सिलमा राख्दा निस्सासिएर २५ जनाको मृत्यु भएको थियो ।



२१ जुलाई २००५ मा इस्लामी अतिवादीहरूले गरेको ४ बम आक्रमणको घटनाले लन्डनको सार्वजनिक यातायात प्रणालीको एक भागलाई अवरुद्ध पारेको थियो ।



२१ जुलाई १९७६ मा आयरल्याण्ड गणतन्त्रका लागि बेलायती राजदूत क्रिस्टोफर इवार्ट-बिग्सको आइएआरए संगठनद्वारा हत्या गरिएको थियो ।



२१ जुलाई २०२४ मा अमेरिकी राष्ट्रपति जो बाइडेनले दोस्रो कार्यकाल नखोज्ने घोषणा गरेका थिए । २०२४ को चुनावबाट उनले पछि हटेको घोषणा गरेका थिए ।



# विश्वविद्यालय कसरी सुधार्ने ?

विचार



● रूपा अर्याल

*विश्वविद्यालय सुधार केवल सरकारी योजना होइन; यो सम्पूर्ण शैक्षिक समुदाय, अभिभावक, निजी क्षेत्र र विद्यार्थीहरूको साझा दायित्व हो । जबसम्म सुधारको भावना भित्रबाट आउँदैन, तबसम्म संरचनागत फेरबदल पनि अलपत्र पर्छ...*

नेपालका विश्वविद्यालयहरू दशकौंदेखि विभिन्न समस्याको घेरामा छन् । शैक्षिक गुणस्तर, समयमै परीक्षा तथा नतिजा, राजनीतिक हस्तक्षेप, अनुसन्धानको कमी, भौतिक पूर्वाधारको जर्जर अवस्था, शिक्षक र विद्यार्थीबिचको दूरी र पाठ्यक्रमको सान्दर्भिकता जस्ता समस्याहरु सुल्झिएका छैनन् । यस्तो अवस्थामा विश्वविद्यालय सुधार गर्नु भनेको केवल एउटा नीतिगत छलफल मात्र नभई राष्ट्रिय समृद्धिको दिशातर्फ अघि बढ्ने महत्वपूर्ण पाइला हो । सुधारको प्रक्रिया बहुआयामिक र चरणबद्ध हुनुपर्छ, जसले शिक्षण, अनुसन्धान, प्रशासन, नीति, संरचना र संस्कृतिलाई समेट्न सकोस् ।

विश्वविद्यालय सुधारको मूल कुरा शैक्षिक गुणस्तरको वृद्धिमा केन्द्रित हुनुपर्छ । शिक्षकहरूको छनोट प्रक्रिया पारदर्शी, प्रतिस्पर्धात्मक र योग्यता आधारित हुन आवश्यक छ । आजको दिनमा धेरै विश्वविद्यालयमा शिक्षक नियुक्ति राजनीतिक पहुँच वा आन्तरिक सिफारिसका आधारमा हुने गरेको गुनासो छ, जसले शैक्षिक स्तरमा नकारात्मक असर पार्छ । नियुक्तिपछि पनि निरन्तर प्रशिक्षण, मूल्यांकन र शैक्षिक प्रदर्शनको समीक्षा गरिनु जरुरी छ । एक कुशल शिक्षक मात्र पाठ्यक्रम पढाउने होइन, सोच्न, प्रश्न गर्न र नयाँ सिर्जना गर्न प्रेरणा दिन सक्ने क्षमता राख्नुपर्छ ।

अर्को महत्वपूर्ण पक्ष, अनुसन्धान हो । विश्वविद्यालय शिक्षण मात्र होइन, ज्ञान उत्पादनको केन्द्र पनि हो । तर, हाम्रो विश्वविद्यालय प्रणाली अनुसन्धानभन्दा पाठ्यपुस्तक केन्द्रित शिक्षामा सीमित छ । अनुसन्धानका लागि स्रोत, समय, सहयोग र सम्मानको वातावरण सिर्जना गरिनुपर्छ । सरकार र निजी क्षेत्र मिलेर अनुसन्धानमा लगानी गर्नुपर्ने समय आएको छ । स्नातकोत्तर र विद्यावारिधि तहका विद्यार्थीहरूलाई समाजसापेक्ष, व्यावहारिक र नवीन विषयमा अनुसन्धान गर्न प्रेरित गर्नुपर्छ । अनुसन्धानको नतिजालाई नीतिगत निर्णयमा प्रयोग गर्ने परिपाटी विकास गर्न सकिएमा विश्वविद्यालयको भूमिका सार्थक बन्न सक्छ ।

पाठ्यक्रम सुधार पनि अपरिहार्य पक्ष हो । आजको बदलिँदो विश्वसँग प्रतिस्पर्धा गर्न सक्ने ज्ञान र सीप दिने पाठ्यक्रम हुनुपर्छ । केवल सैद्धान्तिक ज्ञानभन्दा व्यवहारिक, प्राविधिक र विश्लेषणात्मक सीप विकास गर्ने पाठ्यक्रमलाई प्राथमिकता दिनु जरुरी छ । विभिन्न संकाय र विषयमा उद्यमशीलता, नेतृत्व, प्रविधि र सामाजिक उत्तरदायित्वजस्ता विषयलाई समावेश गरिनुपर्छ । स्थानीय सन्दर्भलाई ध्यानमा राखेर पाठ्यक्रम निर्माण गर्ने परिपाटी विकास गरिनुपर्छ, जसले विद्यार्थीलाई समाजसँग जोड्न सकोस् ।

विश्वविद्यालयको प्रशासन पनि सुधारको केन्द्रमा हुनुपर्छ । आजको दिनमा धेरै विश्वविद्यालयमा प्रशासनिक प्रक्रियाहरू ढिला, अस्पष्ट र अनुत्तरदायी छन् । सूचना प्रवाह प्रणाली कमजोर छ, विद्यार्थीहरू आफ्ना हक र अवसरबारे जानकारीविहीन छन् । प्रशासनिक निर्णयहरूमा पारदर्शिता, जबाफदेहिता र डिजिटल प्रविधिको प्रयोग बढाउनु जरुरी छ । अनलाइन प्रणालीमार्फत भर्ना, परीक्षा, नतिजा र प्रमाणपत्र वितरण प्रक्रिया सहज, छरितो र विश्वासिलो बनाउन सकिन्छ । विश्वविद्यालय स्वायत्त हुनुपर्ने भए पनि त्यसको नाममा जबाफदेहिता नभएको अवस्थालाई सहन सकिँदैन ।

राजनीतिक हस्तक्षेप विश्वविद्यालयको अर्को गम्भीर समस्या हो । विद्यार्थी संगठन र शिक्षक संगठनहरू राजनीतिक दलका भातृ संस्थाजस्ता बनिरहेका छन् । यसले शिक्षण सिकाइ प्रक्रियालाई प्रभावित पार्नुका साथै विश्वविद्यालयको स्वाभिमान र स्वतन्त्रतालाई हानि पुऱ्याउँछ । विश्वविद्यालयलाई राजनीति मुक्त बनाउने प्रयास केवल नीतिगत हैन, सांस्कृतिकरूपमा पनि गर्नुपर्छ । विद्यार्थीको नेतृत्व विकास हुनुपर्छ, तर त्यो पार्टीको चस्माभन्दा माथि उठेर शैक्षिक र सामाजिक सरोकारमा आधारित हुनुपर्छ ।

शैक्षिक पूर्वाधार, पुस्तकालय, प्रयोगशाला, सूचना प्रविधिको पहुँच र आत्मनिर्भरता पनि सुधारको महत्वपूर्ण क्षेत्र हो । धेरै क्याम्पसमा अझै पनि आधारभूत पूर्वाधारको अभाव छ । एक डिजिटल युगमा समेत इन्टरनेट सुविधा उपलब्ध छैन, पुस्तकालयहरू अपडेट छैनन् र प्रयोगशालाहरूमा उपकरण छैनन् । यस्तो अवस्थामा विद्यार्थीको सिर्जनात्मक सोचको विकास सम्भव छैन । विश्वविद्यालयमा लगानी खर्च होइन, दीर्घकालीन पुँजी हो भन्ने बुझाइ राज्य र समाज दुवैले राख्न आवश्यक छ ।

विश्वविद्यालय सुधार केवल सरकारी योजना होइन; यो सम्पूर्ण शैक्षिक समुदाय, अभिभावक, निजी क्षेत्र र विद्यार्थीहरूको साझा दायित्व हो । जबसम्म सुधारको भावना भित्रबाट आउँदैन, तबसम्म संरचनागत फेरबदल पनि अलपत्र पर्छ । विश्वविद्यालयले केवल डिग्री दिने संस्था हैन, सोच्ने, सोध्ने र सिर्जना गर्ने थलो बन्न सक्नुपर्छ । त्यसका लागि हाम्रो दृष्टिकोण, प्राथमिकता र नेतृत्व सबैलाई नयाँ सोचसहित अगाडि बढ्न जरुरी छ । सुधार केवल सम्भव हैन, आवश्यक छ–अहिले नै ।


## सामाजिक सञ्जाल




डम्बर खतिवडा

बामदेव गौतम नेकपा(एस) प्रवेश गरे रे ! अरू त त्यस्तै उस्तै हो- ओलीले लखेटेका वा नपत्याएकाहरूको राम्रै चौतारी हुने भएछ- नेकपा (एस) । भुसालपछि गौतम, गौतमपछि सायद रावल । कुनै दिन विद्या भण्डारी र ईश्वर पोखेलहरू पनि यही आई पुग्न बेर छैन, यिनलाई पनि ओलीले राम्रै लखेट्ने संकेत गरे त !

हिजो माओवादीहरू अदालत मान्दैनौं भन्दै जनअदालत सञ्चालन गर्थे । आज रास्वपा रविलाई अन्याय भयो भन्दै हस्ताक्षर गर्दै छन्, रूप फरक सार एउटै । रविलाई अन्याय भयो भन्दै हस्ताक्षर गर्नं सट्टा 'अदालत, विधि नियम कानुन केही चाहिँदैन यी सबै खारेज गर' भनेर हस्ताक्षर गरे भयो त ।



मधुकर खनाल



राजकुमार रेग्मी

विद्या भण्डारीलाई एमालेमा पस्न र बस्न नदिने केपी शर्मा ओलीको रणनीति छर्लङ्ग भयो । विद्यासँग एमालेको सदस्यता छ कि छैन ? अब एमालेभित्र मुख्य लडाइँ यही हुने भयो । इतिहास र वर्तमान दुवैले चिच्याई चिच्याई भन्छ- नेपालमा सबैभन्दा क्रूर र निर्मम राजनीति कम्युनिस्ट पार्टीमा हुन्छ ।

## भूलसुधार



मध्यान्ह राष्ट्रिय दैनिकको २०८२ साउन ४ गते (आइतबार) प्रकाशित अंकको विचार पृष्ठमा 'किन सामाजिक सुरक्षा कार्यक्रम' शीर्षकको लेखमा लेखक भरतप्रसाद देवकोटाको तस्बिर हुनुपर्नेमा अन्यथा पर्न गएकोमा हामी क्षमाप्रार्थी छौं । सम्पादक.

# चुरे तराई मधेश संरक्षण भैरहवा इकाइको भौतिक प्रगति ९३.४४ प्रतिशत

**सूर्य प्रसाद भुसाल/मध्यान्ह**
भैरहवा, ४ साउन

राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको कार्यान्वयन इकाइ भैरहवाले चालु आर्थिक वर्षमा ९३.४४ प्रतिशत भौतिक र ८८.४५ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ ।



गत आर्थिक वर्षमा संघीय सरकारले विनियोजन गरेको बजेटमध्ये कार्यान्वयन इकाइ भैरहवाले सबै रकम खर्च गर्न नसकेपछि ८८ प्रतिशत मात्र वित्तीय प्रगति हासिल भएको हो । कार्यालयका लागि विनियोजन गरिएको १७ करोड १९ लाख रुपैयाँको पुँजीगत बजेटमध्ये अधिकांश योजना तोकिएको म्यादभित्रै सम्पन्न भए पनि केही योजनाहरू समयमा सम्पन्न हुन नसक्दा सम्पूर्ण बजेट खर्च हुन सकेन ।

कार्यालयले पुँजीगत, तटबन्ध तथा बाँध निर्माण, सिँचाइ संरचना निर्माण, वन तथा वातावरण संरक्षण तथा अन्य सार्वजनिक निर्माण कार्य गरी पाँच खर्च शीर्षकअन्तर्गत सात जिल्लामा ९६ वटा योजना सञ्चालन गरेको छ । तीमध्ये अधिकांश योजना अपवाद बाहेक सम्पन्न भएका छन् भन्ने जानकारी कार्यान्वयन इकाइ भैरहवाका प्रमुख उपसचिव अणनाथ बरालले दिएका छन् ।

भूगोलअनुसार तटबन्ध तथा बाँध निर्माण, गल्छी नियन्त्रण, पहिरो नियन्त्रण लगायतका जनचासोका योजना विभाजन गरेर कार्यान्वयन गरिएको छ । न्यून जनशक्ति, भौगोलिक विकटता, साधनस्रोतको अभावका बाबजुद कार्यालयमा कार्यरत सीमित प्राविधिक कर्मचारीहरूको तदारुकताले अपेक्षाभन्दा बढी काम सम्पन्न भएको सूचना अधिकारी प्रकाश बस्नेतले जानकारी दिए । साथै, धेरैजसो बजेट फ्रिज जान नपाएको समेत उनले बताए ।

९६ मध्ये ९५ वटा योजना सम्पन्न भएकोले आर्थिक र भौतिक प्रगति सन्तोषजनक रहेको योजना प्रमुख जीवन पाण्डेले बताए। तर, स्वीकृत वार्षिक कार्यक्रममा समावेश सैनामैना नगरपालिका वडा नं.३ मा वर्षाको पानी संकलन पोखरी निर्माण योजना समयमा सम्झौता हुन नसक्दा कार्यान्वयनमा आउन सकेन । यही कारणले केही मात्रामा भौतिक र वित्तीय प्रगतिमा असर परेको कार्यालयका लेखापाल चक्रपाणी पाण्डेले बताए ।

प्रशासन शाखा प्रमुख नवीन पन्थीका अनुसार स्वीकृत वार्षिक कार्यक्रमअनुसारका सात शीर्षकमा विभाजन गरिएको बजेट, लक्षित परिमाण, सम्पन्न परिमाण, भार र भारित अंकको विश्लेषणको आधारमा ८७.३७ प्रतिशत चालु तथा पुँजीगत बजेट खर्च भएको हो ।

चुरे संरक्षण समितिको कार्यक्षेत्र लुम्बिनी प्रदेशसहित अर्घाखाँची लगायत ११ जिल्लामा फैलिएको छ । चालु आर्थिक वर्षमा मात्रै कार्यान्वयन इकाइ भैरहवाका लागि करिब ६० करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

# बर्दियामा विपद् कृत्रिम घटना नमुना खोज तथा उद्धार अभ्यास

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ४ साउन

बर्दियाको ठाकुरबाबा नगरपालिकाको हातीसारस्थित खौराहा खोलामा बाढी विपद् कृत्रिम घटना नमुना खोज तथा उद्धार अभ्यास गरिएको छ । प्लान इन्टरनेशनल नेपाल र भेरी वातावरणीय विशिष्टता समूह (वि-ग्रुप)को साझेदारीमा सञ्चालित विपद् पूर्व तयारी, उत्थानशिलता तथा सवलीकरण परियोजनाको सहयोग तथा ठाकुरबाबा नगरपालिकाको आयोजनामा यो अभ्यास गरिएको हो ।



पालिकाका वडाध्यक्षसहित नगर प्रहरीहरुलाई प्रदान गरिएको ७ दिने विपद् कृत्रिम घटना नमुना खोज तथा उद्धार तालिमपश्चात् अभ्यास गरिएको हो । सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस कतर्निया, इलाका प्रहरी कार्यालय बगनाहा र नेपाल रेडक्रस सोसाइटी शाखा कार्यालय ठाकुरबाबाको सहभागितामा बाढी कृत्रिम घटना अभ्यास गरिएको हो ।

पालिकामा बाढी र डुबानजस्ता विपद्बाट हुन सक्ने सम्भावित जनधनको क्षति कम गर्न यो बाढी कृतिम घटना अभ्यासले सहयोग पुग्ने ठाकुरबाबा नगरपालिकाका उपप्रमुख विना भट्टराईले बताइन् । यस वर्ष गत वर्षभन्दा बढी वर्षा हुने अनुमान मौसम विभागले गरेको हुँदा बाढी र डुबान पनि बढी हुने सम्भावना रहेको र सो कारणले अहिलेबाटै त्यसको क्षति न्यूनीकरण गर्नका लागि पालिकाले विभिन्न कार्यक्रम र तयारीहरू अघि बढाएको नगर प्रमुख तिलकराम लम्सालले बताए ।

सो अवसरमा जिल्लाका विभिन्न सुरक्षा निकायका प्रमुखहरू, जनप्रतिनिधि, रेडक्रसकर्मीहरू तथा अगुवा समाजसेवीहरूको समेत उपस्थिति रहेको थियो ।

# महिलाले हाँकेको नमुना विद्यालय ज्ञान ज्योति

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ४ साउन

समाजमा अझै पनि महिलाले नेतृत्व गर्न सक्छन् त ? भन्ने प्रश्न उठिरहन्छ । तर जुम्लाको तिला गाउँपालिका-४ मा अवस्थित ज्ञान ज्योति आधारभूत विद्यालयले यो प्रश्नको जवाफ मात्र दिएको छैन, एक प्रेरणादायिक उदाहरणसमेत प्रस्तुत गरेको छ ।



उक्त विद्यालयको व्यवस्थापन समिति ७ जना महिलाले मात्र गठन गरेपछि विद्यालयमा उल्लेखनीय परिवर्तन आएको छ । विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष धनलक्ष्मी धितालका अनुसार विद्यालय पहिले खुला, अस्तव्यस्त र बेवास्तामा थियो । तर अहिले भने विद्यालयको वातावरण नै परिवर्तन भइसकेको छ ।

'महिला नेतृत्वले अनुशासन, पारदर्शिता र समर्पणका साथ काम गरेको छ,' उनले भनिन् । धितालका अनुसार अघिल्लो समितिमा सबै पुरुष थिए । तर महिलाहरूले नेतृत्वको माग गरेपछि स्थानीय समाजले विश्वास गर्दै जिम्मेवारी सुम्पिएको हो ।

'हामी सातै जना महिला छौं,' उनले भनिन्, 'बालबालिकाको शिक्षाको जग बलियो बनाउने हाम्रो मुख्य लक्ष्य हो ।'

विद्यालयमा अहिले बालमैत्री कक्षा, नियमित निगरानी, सरसफाइ र सुरक्षित वातावरण निर्माणमा उल्लेखनीय प्रगति भएको छ । व्यवस्थापन समितिकी सचिव माग्ली शाही भन्छिन्, ' महिलाले पनि जिम्मेवारी पाए उत्कृष्ट काम गर्न सक्छन् भन्ने सन्देश हामीले समाजलाई दिएका छौं ।'

उनका अनुसार विद्यालयको घेराबार निर्माण, कक्षाको स्तरीयता, सिकाइको गुणस्तर सुधार लगायतका काममा प्रभावशाली सफलता मिलेको छ । समितिले वडास्तरको बजेट तथा प्रदेश सरकारको मुख्यमन्त्री कार्यक्रमको सहयोगबाट विद्यालयलाई व्यवस्थित र आकर्षक बनाएको हो ।

स्थानीय अभिभावकहरू पनि विद्यालयको रूपान्तरणबाट सन्तुष्ट छन् । एक अभिभावकले भने, 'पहिले यस्तो सफा र व्यवस्थित थिएन। अहिले त छोराछोरीको पढाइ नै राम्रो भएको छ। महिला नेतृत्व साँच्चिकै असरदार रहेछ ।' उनी थप्छन्, 'अवसर पाए महिलाले पनि नेतृत्वमा उदाहरणीय काम गर्न सक्छन् ।'

त्यस्तै, महिलाले मात्र नेतृत्व गरेको विद्यालय व्यवस्थापन समितिले समाजमा महिलाको सहभागिता र क्षमताप्रति नयाँ दृष्टिकोण स्थापित गरेको छ ।

## रामधुनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**झुम्का, सुनसरी**
**कोशी प्रदेश, नेपाल**

**रामधुनी नगरपालिकाको आन्तरिक आय सङ्कलन ठेक्का आव्हानको सूचना**

**(दोस्रो पटक प्रकाशित मितिः २०८२/०४/०५ गते)**

रामधुनी नगरपालिकाद्वारा आ.व. २०८२/०८३ का लागि आर्थिक ऐन २०८० को दफा ९, प्रचलित कानून तथा रामधुनी नगरपालिका राजस्व परामर्श समितिको निर्णयानुसार आन्तरिक आय ठेक्काहरू बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक दर्तावाला फर्महरुले तपसिलका शर्त बन्देजको अधिनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि दोस्रो पटक मिति २०८२/०४/०५ को राष्ट्रिय दैनिक पत्रिकामा यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्युनतम वार्षिक ठेक्का अंक रु मु.अ.क.सहित | सिलबन्दी दरभाउपत्र फारम दस्तुर रु | सिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति | सिलबन्दी दरभाउपत्र बुझाउने अन्तिम मिति र समय | सिलबन्दी दरभाउपत्र खोलिने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १. | RMD/SQ/02R/082/83 (राजस्व) | शनिबार, वुधबार साप्ताहिक हाट तथा गुद्रि रामधुनी ८ (डुम्राहा) | २०८३ असार मसान्त सम्म | रु. ९०,०००/- | १,०००/- | २०८२/०४/११ को कार्यालय समय भित्र | २०८२/०४/१२ गते दिउसो १२:०० बजे समय | २०८२/०४/१२ गते दिउसो २:०० बजे समय |
| २. | RMD/SQ/03R/082/83 (राजस्व) | आइतबार,विहिबार साप्ताहिक हाट तथा गुद्रि रामधुनी ६(बक्लौरी) | २०८३ असार मसान्त सम्म | रु.७,३२,०००/- | १,०००/- | २०८२/०४/११ को कार्यालय समय भित्र | २०८२/०४/१२ गते दिउसो १२:०० बजे समय | २०८२/०४/१२ गते दिउसो २:०० बजे समय |

**शर्तहरुः**

१. शिलबन्दी दरभाउपत्र फारम तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी यस सूचनामा तोकिएको मिति र समय भित्र यस नगरपालिकाको राजस्व प्रशासन शाखाबाट खरिद गर्नुपर्नेछ ।
२. शिलबन्दी दरभाउपत्र साथ कबोल गरेको अङ्कको ५% ले हुन आउने रकम जमानत बापत यस कार्यालयको नाममा रहेको एन आई सी एसिया बैंक लि. झुम्का शाखाको धरौटी खाता नं. ०८९२०५००२७९०८०१५ मा जम्मा गरेको सक्कलै बैङ्क भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त "क" वर्गको वाणिज्य बैंकबाट कम्तिमा ९० दिन म्याद कायम रहेको बैंक जमानत पत्र संलग्न राखी तोकिएको मिति र समय भित्र यस कार्यालयमा दरखास्त पेश गर्न सकिनेछ ।
३. शिलबन्दी दरभाउपत्र फारम खरिद गर्ने अन्तिम दिन वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट उल्लिखित कार्यहरु गरिनेछ ।
४. छुट्टा-छुट्टै विषयको दरभाउपत्र फारम छुट्टा-छुट्टै खाममा शिलबन्दी गरी खामको बाहिर ठेक्काको विषय खोली पेश गर्ने फर्म वा कम्पनीको नाम र छाप स्पष्ट लेखी यस कार्यालयको नाम उल्लेख गरि पेश गर्नु पर्नेछ ।
५. रीतपूर्वक दाखिला भएको शिलवन्दी दरभाउपत्रहरु तोकिएको मिति र समयमा यसै कार्यालयमा कार्यालयका प्रतिनिधि र ठेकेदार वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ। तर ठेकेदार वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।
६. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्तराखी पेश भएको दरभाउ पत्रलाई मान्यता दिइने छैन
७. दरभाउपत्र खरिद गर्न र पेश गर्न आन्तरिक राजस्व कार्यालयमा फर्म दर्ता भई आ.व. २०८०।८१ को कर चुक्ता भएको प्रतिलिपि, फर्म नवीकरण भएको प्रतिलिपि, व्यवसाय दर्ता नविकरण भएको प्रतिलिपी अनिवार्य संलग्न हुनु पर्नेछ ।
८. ठेक्का सम्बन्धमा प्रचलित कानून अनुसारको बुझाउनु पर्ने कर, दस्तुर, महशुल ठेकेदार आफैले बुझाउनु पर्नेछ ।
९. ठेक्का स्वीकृत भएको जानकारी पाएको मितिले ७ (सात) दिन भित्र नियमानुसार सम्झौता गर्न उपस्थिति हुनु पर्नेछ ।
१०. नेपाल सरकारले जारी गरेको निशेधाज्ञाको बखतमा ठेक्का सञ्चालन नभएमा सो समय हिसाब गरी ठेक्का रकम दामासाहीले घटाइनेछ ।
११. कबोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ठ बुझाएमा कवोल अंकको १० प्रतिशत छुट दिइनेछ र कबोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ठ नबुझाएको अवस्थामा सम्पूर्ण कबोल गरेको ठेक्का रकमलाई ३ किस्तामा विभाजन गरी पहिलो किस्ता सम्झौता भएको बखतमा दोस्रो किस्ता २०८२ कात्तिक मसान्त भित्र र अन्तिम किस्ता २०८२ फाल्गुण मसान्त भित्र दाखिला गर्नु पर्नेछ । किस्ता रकम ठेक्का सम्झौता गर्दा नै बुझाई बाँकी रकमको हकमा २०८३ असार मसान्तसम्म म्याद कायम रहेको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैङ्कबाट जारी गरिएको बैक ग्यारेण्टी पेश गर्नु पर्नेछ ।
१२. तोकिएको अवधि भित्र किस्ता नबुझाएमा नियमानुसार हर्जना बुझाउनु पर्नेछ ।
१३. ठेकेदारले तोकिएको अवधि भित्र नियमानुसार बुझाउनु पर्ने ठेक्काको सम्पूर्ण किस्ता रकम नबुझाएमा निजले पेश गरेको बैङ्क ग्यारेण्टीबाट असुल गर्न बाँकी रकम असुल उपर गरिनेछ ।
१४. ठेकेदारले आय सङ्कलनका लागि लिएको ठेक्का नगरपालिकाले तोकेको दर भन्दा बढी लिन पाइने छैन। बढी लिएको पाइएमा वा लिएको ठहरेमा ठेकेदारलाई जरिवाना असुल गरी कानून बमोजिम कारबाही गर्न सकिनेछ ।
१५. ठेक्का सञ्चालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुर्याएमा सो को हर्जना अशुल उपर गरी ठेकेदारलाई आवश्यक कानूनी कारवाही गरिनेछ ।
१६. कर, शुल्क, दस्तुर असुल गर्ने प्रयोजनका लागि नगरपालिका कार्यालयले तोकेको ढाँचाको रसिद ठेकेदारले आफ्नो तर्फबाट छपाई नगरपालिकामा अभिलेख प्रमाणित गराई छाप लगाएर मात्र प्रयोग गर्न पाइने छ ।
१७. दरभाउ पत्र स्वीकृत भएको जानकारी पाएको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा ठेकेदारले राखेको धरौटी रकम जफत गरी प्रचिलित ऐन नियमानुसार त्यो भन्दा लगत्तै पछिल्लो बढी कबोल गर्नेसँग सम्झौता गरिनेछ ।
१८. विगतमा नगरपालिकाले लगाएको ठेक्का लिई कबोल अंक चुक्ता नगरेको ठेकेदारबाट ठेक्का बक्यौता रकम चुक्ता नभएमा निजबाट दाखिला हुन आउने ठेक्का स्वीकृत गरिने छैन ।
१९. कुनै पनि चिट्ठी, तार टेलिफोन, फ्याक्सबाट आएको पत्रलाई मान्यता दिइने छैन ।
२०. यस ठेक्का सम्बन्धमा कुनै किसिमको बिबाद उत्पन्न भएमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ र उक्त निर्णय दुवै पक्षलाई मान्य हुनेछ ।
२१. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
२२. नेपाल सरकार अदालत र यस कार्यालयको आदेश, निर्देशन र निर्णयको अक्षरस पालना गर्नु पर्नेछ ।
२३. कार्यालय खुलेको दिन कार्यालय समयभित्र यस कार्यालयको राजस्व प्रशासन शाखामा आई बिस्त्रित विवरण बुझ्न सकिनेछ ।
२४. कर दस्तुर शुल्क संकलनको दररेट सहितको सुची ठेक्का सम्झौता गर्दा उपलब्ध गराइनेछ । उक्त सुचीको बोर्ड सम्झौता अवधिभर सबैले देख्ने ठाउँमा राखी सुचीमा उल्लिखित दररेट अनुसार मात्र शुल्क उठाउन पाइनेछ ।
२५. यस सूचनामा उल्लेख भएका शर्त यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

## सानिमा बैंक लिमिटेडको क्रेडिट कार्ड कर्जा उपभोग गर्ने ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८२/०४/०५ गते)**

तपसिलमा उल्लेखित तपाई ऋणीले यस बैंकबाट लिएको कर्जाको बैंकसँग गरेको सम्झौता बमोजिम बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर आदि रकम नतिरी, नबुझाई बाँकी राखेकाले बैंकबाट बारम्बार मौखिक तथा लिखित तरताकेता गर्दा समेत नबुझाई कर्जा सम्बन्धि शर्त बन्देजहरू उल्लङ्घन गरेको हुँदा सम्पूर्ण बाँकी कर्जा चुक्ता भुक्तान गर्न यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान, फछ्र्यौट गर्न गराउन हुन ऋणी लगायत सबै सम्बद्ध व्यक्तिहरूलाई सूचित गरिन्छ । यस सूचना समेतको वेवास्ता गरी उल्लेखित समयावधि भित्र सम्पूर्ण बाँकी कर्जा लगायत बैंकलाई बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर चुक्ता भुक्तान, फछ्र्यौट नगरेमा प्रचलित कानुन तथा बैंकको नियम बमोजिम कर्जा असुलीको आवश्यक कानुनी प्रकृया अगाडि बढाईने ब्यहोरा यसै सूचना मार्फत जानकारी गराउदछौं । साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्नुपर्ने ऋणी तथा अन्य सम्बद्ध सबै पक्षलाई कालो सूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत जानकारी गराउदछौं ।

**तपसिलः**

| क्रेडिट कार्ड लिनेको नाम, थर र ठेगाना : |
|---|
| केन्द्रीय कार्यालयको ऋणी : |
| रामा धामीको नाति, रंग सिंह धामीको छोरा, कञ्चनपुर जिल्ला, बेदकोट न.पा. वडा नं. ८ बस्ने **रविन्द्र सिंह धामी** । |

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

ZERO COST RECRUITMENT OPPORTUNITY FOR KUWAIT !!
शून्य लागत अन्तर्गत कुवेतमा वैदेशिक रोजगारीको अवसर !!

कम्पनीः PINNACLE GROUP CO. देश : KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०८/१४ चलानी नं.: ६०२२८९३८ LT. No.: 314683 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 10 | 5 | सम्बन्धित काममा दक्ष | 160 | ७२,०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Barista | 20 | 10 | | 180 | ८१,०२७ | | | | | | | |
| 3. | Steward (Cleaner) | 10 | 10 | | 140 | ६३,०२१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १२ गते (28 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पूर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.
बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस । ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफसँग राख्नुहोला ६ काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केहि बाबुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

License No.: 822|066|067
Vision & Value Overseas Pvt. Ltd.
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 014379162 | 014379450 | 9863194839 | 9863194834 | 9863194832
Email: apply@vnvnepal.com | Website: vnvnepal.com

ओमनमा रोजगार
कम्पनीः BANAT ALI FOR INVESTMENT LLC शहरः OMAN
पूर्व स्वीकृत मितिः २०८१/१२/०६ चलानी नं.: ६०२३४८१८ LT. No.:320726 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairstylist | 0 | 1 | सम्बन्धित काममा दक्ष | 170 | ६०,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | MANICURIST | 0 | 1 | | 170 | ६०,७३० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १२ गते (28 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Sky Of The World Manpower Pvt. Ltd.
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01- 4591316, Mob.: 9860049528, 9808840910, 9860924657, 9851068774, 9851035867. E-mail : info@skymanpower.com.np Web.www.skymanpower.com.np

UAE मा रोजगार
कम्पनीः IMDAAD LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०८२/०४/०४ चलानी नं.: ६०२४१२२० LT. No.: 327385

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners Female | 0 | 50 | स. काममा दक्ष | 1000 | ३७,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Cleaners Male | 150 | 0 | स. काममा दक्ष | 1000 | ३७,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनीः Optimal Apex Cleaning Services LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०६/११ चलानी नं.: ६०२२५९६८ LT. No.: 311466 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 17 | 0 | स. काममा दक्ष | 2000 | ७४,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १२ गते (28 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SHR Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
Support Human Resources Pvt. Ltd.
सिनामंगल, काठमाडौं, नेपाल, फोनः ४१११११२६
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४

साउदीमा रोजगार
कम्पनीः EBTIKAR ASIA CONTRACTING COMPANY IS A ONE-PERSON COMPANY शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०१/०७ चलानी नं.: ६०२३६५८१ LT. No.: 322203 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३६,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनीः AL-SMAKIN CORPORATION FOR WHOLESALE & RETAIL TRADE शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८१/०७/२८ चलानी नं.: ६०२२७९१२ LT. No.: 313477 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Car Driver | 1 | 0 | | 1300 | ४७,६७१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन १२ गते (28 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD.
Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, Mobile No: 9851078710, 9808735410, 9843465784, Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.

# मधेशमा खडेरी, ४६ प्रतिशतमात्र रोपाइँ

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, ४ साउन ।



साउनको पहिलो साता बित्नै लाग्दा समेत मधेशमा धान रोपाइँ हुन सकेको छैन । धान उत्पादनका लागि उपयुक्त जमिन रहेको मधेश प्रदेशका अधिकांश जिल्लामा रोपाइँ आधा समेत भएको छैन । कृषि विभाग अन्तरगतको बाली विकास तथा जैविक विविधता संरक्षण केन्द्रका अनुसार साउन ४ गतेसम्म मधेश प्रदेशमा ४६.८३ प्रतिशत मात्र रोपाइँ भएको छ । पानीको अभावमा मधेश प्रदेशमा सबै भन्दा कम रोपाइँ भएको हो ।

गत वर्ष साउन ६ गतेसम्म ८० प्रतिशत रोपाइँ भएको छ । मधेशमा वर्षा कम हुँदा आकाशे पानी कै भर पर्नु पर्ने अवस्था छ । सिचाइँको व्यवस्था नहुँदा धानको बीऊ ठुलो हुँदै गएको र रोपेको धान समेत मर्न लागेपछि किसानहरु चिन्तित छन् । मधेसमा पानी नपरेर रोपाइँ ठप्प भएपछि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्रत्येक जिल्लामा केन्द्रबाट दुई-दुई जना कृषि प्राविधिकको टोली खटाएर अध्ययन समेत सुरु गरेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीले मधेशको अवस्था, समस्या समाधानका लागि तत्कालीन तथा दीर्घकालीन उपाय निकाल्न टोलीलाई निर्देशन दिएका छन् । पानी नपरेर रोपाइँ गर्न समस्या भएपछि मधेश प्रदेश सरकारले समेत सुख्खाग्रस्त क्षेत्र घोषणा गरेको छ । तर मौसम बिभागले मधेशमा आइतबार साँझबाट भारी वर्षा हुने सम्भावना रहेको भन्दै अब पानी पर्ने जनाएको छ ।

कृषि विभागका अनुसार देशभर ७२.१४ प्रतिशत धान रोपाइँ भएको छ । आइतबारसम्म देशभर १३ लाख ८३ हजार ७३२ हेक्टर धान रोपाइँ योग्य जमिनमध्ये ९ लाख ९८ हजार २ सय २८ हेक्टरमा मात्र रोपाइँ भएको छ । गत वर्ष साउनको पहिलो सातासम्म ८४.६ प्रतिशत रोपाइँ भएको थियो ।

मधेशसंगै कोशी प्रदेशमा समेत रोपाइँ कम भएको छ । कोशीमा २ लाख ७६ हजार ३ सय ८६ हेक्टरमा मध्ये १ लाख ७० हजार ७ सय ९० हेक्टर रोपाइँ भएको छ । कोशीमा पनि ६१.७९ प्रतिशत मात्र रोपाइँ भएको हो । गत वर्षको साउनको पहिलो साता ८२.७ प्रतिशत रोपाइँ गरिएको थियो ।

यस्तै अरु प्रदेशको रोपाइँ गत वर्षकै हाराहारीमा रोपाइँ भएको छ । विभागको तथ्याङ अनुसार सात प्रदेश मध्ये सबै भन्दा धेरै सुदूरपश्चिम प्रदेशमा रोपाइँ भएको छ । सुदूरपश्चिममा १ लाख ७६ हजार १५१ हेक्टर जमिनमध्ये १ लाख ७० हजार ८४३ हेक्टरमा रोपाइँ हुँदा ९६.९९ प्रतिशत रोपाइँ भएको छ । विभागको तथ्याङ अनुसार वाग्मती प्रदेशमा ८७.१९ प्रतिशत, गण्डकी प्रदेशमा ७९.२८ प्रतिशत, लुम्बिनी र कर्णाली प्रदेशमा बराबर ८७.९३ प्रतिशत रोपाइँ भएको छ ।

# वर्षको अन्तिम महिनामा घरजग्गा कारोबारमा गिरावट

**तारा पौडेल/मध्यान्ह**
काठमाडौं, ४ साउन ।



गत आर्थिक वर्षको अन्तिम महिना अर्थात् असारमा जेठको तुलनामा घरजग्गा कारोबारमा न्यूनता आएको छ । जेठ महिनामा ५६ हजार १० वटा संख्यामा लिखत पारित भएकोमा असार महिनामा सो संख्या केही घटेर ५५ हजार पाँच सय २४ मा सीमित भएको हो ।

तर, असार महिनामा भएको घरजग्गाको लिखत पारित संख्या भने अघिल्लो आर्थिक वर्ष ०८०/८१ असार महिनाको तुलनामा भने २०.२४ प्रतिशतले धेरै हो । अघिल्लो आर्थिक वर्षको असार महिनामा ४६ हजार एक सय ७९ संख्यामा घरजग्गाको लिखत पारित भएको थियो ।

गत आर्थिक वर्षको साउनमा ४३ हजार आठ सय ३५, भदौमा ३२ हजार सात सय ९८, असोजमा ३० हजार पाँच सय २७, कात्तिकमा ३३ हजार पाँच सय १४, मंसिरमा ४३ हजार तीन सय ७९ र पुस महिनामा ४८ हजार एक सय ५६ वटा संख्यामा लिखत पारित भएको थियो । यस्तै, माघ महिनामा ४६ हजार ६९, फागुन महिनामा ४६ हजार ६१, चैत महिनामा ४९ हजार आठ सय ३२ र वैशाख महिनामा ५२ हजार चार सयको संख्यामा लिखत पारित भएको थियो । अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा ०.१५ प्रतिशतले घरजग्गाको लिखत पारित संख्यामा वृद्धि भएको भूमि व्यवस्था तथा अभिलेख विभागले जनाएको छ ।

त्यस्तै, गत आर्थिक वर्षमा घरजग्गाको लिखत पारितमार्फत् हुने राजवस्व आम्दानी समेत १६.७५ प्रतिशतले वृद्धि भएको छ । विभागको तथ्यांकअनुसार अघिल्लो आर्थिक वर्षमा सरकारले घरजग्गा कारोबारबाट ४२ अर्ब ९१ लाख राजस्व संकलन गरेकोमा गत आर्थिक वर्षमा ४९ अर्ब चार करोड ५९ लाख रुपैयाँ संकलन गरेको थियो ।

गत आर्थिक वर्षको जेठ महिनाको तुलनामा असार महिनामा घरजग्गा कारोबारबाट राजस्वव आम्दानी बढेको थियो । जेठ महिनामा सरकारले घरजग्गा कारोबारबाट चार अर्ब ७२ करोड ७१ लाख राजस्व आम्दानी गरेकोमा असार महिनामा यस्तो आम्दानी ६ अर्ब ५५ करोड १७ लाख रुपैयाँ गरेको थियो ।

# सञ्चय कोषको निवृत्तिभरण योजनामा चार हजार बढी आबद्ध



**काठमाडौं/मस-** कर्मचारी सञ्चय कोषबाट संचालित योगदानमा आधारित निवृत्तिभरण कोषमा आबद्ध हुने सरकारी कार्यालय, सार्वजनिक संस्थान, बोर्ड, समिति र संगठित संस्थाहरूको संख्या बढ्दै गएको छ । गत आर्थिक वर्ष २०८१/०८२ को असार मसान्तसम्ममा सरकारी कार्यालय, सार्वजनिक संस्थान, बोर्ड, समिति र संगठित संस्थाहरू गरी चार हजार दुई सय ९० कार्यालय तथा संस्थाहरू योगदानमा आधारित निवृत्तिभरण कोषमा आबद्ध भएका हुन् ।

कोषमा आबद्ध भएका कार्यालय तथा संस्थाहरूको ९९ हजार तीन सय ९१ जना योगदानकर्ताहरूबाट गत आर्थिक वर्षको अन्त्यसम्म करिब १५ अर्ब.योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा भएको कोषका सहायक प्रवक्ता दामोदरप्रसाद सुवेदीले बताए । योगदानमा आधारित निवृत्तिभरण कोषमा थप सरकारी कार्यालय र प्रतिष्ठानहरू आबद्ध हुने क्रम जारी रहेको उनले बताए ।

बैंक तथा वित्तीय क्षेत्र तथा निजी क्षेत्रबाट पनि योगदानमा आधारित निवृत्तिभरण कोषमा आबद्धताका लागि कोषमा सम्पर्क गर्ने क्रम पनि उल्लेख्य रूपले बढ्दै गएको उनको भनाइ छ ।

कोषले आफ्नै स्रोतबाट योगदानकर्ताहरूलाई विभिन्न किसिमका सुविधाहरू समेत उपलब्ध गराउँदै आएको जनाएको छ । जसअनुसार, सामाजिक सुरक्षा सुविधा अन्तर्गत योगदानकर्ताहरूलाई दुर्घटना क्षतिपूर्ति दुई लाखसम्म, काजक्रिया अनुदान ४० हजार, प्रसूति सुविधा अन्तर्गत प्रति प्रसूति सात हजार पाँच सय तथा स्वास्थ्य उपचारतर्फ साधारण रोगमा एक लाख र कडा रोगमा १० लाख रुपैयाँसम्म सुविधा प्रदान गर्दै आएको छ ।

साथै कोषले यही साउन १ गतेदेखि लागू हुने गरी योगदानकर्ताहरूलाई निवृत्तिभरण कोष रकममा प्रदान गर्ने वार्षिक ब्याजदर पाँच प्रतिशत निर्धारण गरेको जनाएको छ । कोषले योगदानकर्ताहरूलाई सहुलियत ब्याजदरमा विशेष सापटी, घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी, जग्गा खरिद सापटी तथा सरल सापटी उपलब्ध गराउँदै आएको छ ।

# पोखरा र समृद्धि फाइनान्सबीच मर्जर सम्झौता



**काठमाडौं/मस -** पोखरा फाइनान्स र समृद्धि फाइनान्स कम्पनीले एक आपसमा मर्जर गर्ने सम्झौता गरेका छन् । पोखरामा मुख्य कार्यालय रहेको पोखरा फाइनान्स र हेटौंडामा मुख्य कार्यालय रहेको समृद्धि फाइनान्सले मर्जरमा जाने गरी आइतबार बिहान प्रारम्भिक समझदारीपत्रमा हस्ताक्षर गरेको समृद्धि फाइनान्सका प्रमुख कार्यकारी अधिकृत सन्तोषकुमार घिमिरेले जानकारी दिए ।

अहिले पोखरा फाइनान्सका २४ वटा शाखा छन् भने उक्त फाइनान्ससँग हाल एक अर्ब आठ करोड चुक्ता पुँजी रहेको छ । सो फाइनान्सको प्रतिशेयर नेटवर्थ ४८.७५ रुपैयाँ रहेको छ । पोखरा फाइनान्स तेस्रो त्रैमाससम्म प्रतिशेयर आठ रुपैयाँ नाफामा रहेको थियो ।

त्यस्तै, समृद्धि फाइनान्ससँग हाल ८१ करोड ८९ लाख रुपैयाँ बराबरको चुक्ता पुँजी रहेको छ भने उक्त कम्पनीको १४ वटा शाखा रहेका छन् । गत चैत मसान्तसम्म उक्त फाइनान्सको नेटवर्थ ५३.६३ रुपैयाँ रहेको थियो ।

# बेष्ट फाइनान्सले ल्यायो 'ग्रीन सेभिङ्स डिपोजिट प्रोडक्ट'




**काठमाडौं/मस -** बेष्ट फाइनान्सले ग्रीन सेभिङ्स प्रोडक्ट योजना ल्याएको छ । जलवायु परिवर्तन र जोखिम न्यूनिकरणका लागि नेपाल राष्ट्र बैंकले जारी गरेको नेपाल ग्रीन फाइनान्स ट्क्यासोनोमी, २०२४' कार्यक्रम अन्तर्गतको ग्रीन फाइनान्सिङ्लाई कार्यान्वयनका लागि भन्दै फाइनान्सले ग्रीन सेभिङ्स डिपोजिट प्रोडक्ट ल्याएको हो ।

जलवायु परिवर्तनले ल्याउने जोखिम न्यूनीकरण गर्ने, प्राकृतिक स्रोतको संरक्षण र व्यवस्थापन गर्ने, वातावरण प्रदूषणको रोकथाम र नियन्त्रण गर्ने उद्देश्य सहित नेपाल राष्ट्र बैंकले 'नेपाल ग्रीन फाइनान्स ट्क्यासोनोमी, २०२४' जारी गरेको थियो । उक्त मार्गदर्शनमा भएका व्यवस्था कार्यान्वयन गर्ने क्रममा 'ग्रीन फाइनान्सिङ' का लागि स्रोत जुटाउने उद्देश्यले बेष्ट फाइनान्सले सो योजना ग्राहक माझ ल्याएको हो ।

उक्त निक्षेप योजनामा सहभागी हुने हरेक ग्राहकले 'नेपाल ग्रीन फाइनान्स ट्यासोनोमी, २०२४' ले राखेका लक्ष्य पूरा गर्ने कार्यमा स्वतः योगदान पुऱ्याउने जनाइएको छ । त्यसका लागि बेष्ट फाइनान्सले हरेक ग्राहकका तर्फबाट एक वटा बिरुवा रोपिदिने व्यवस्था मिलाएको छ ।

साथै, स्थानीय तहहरूसँग समन्वय गरी बिरुवा रोप्नका लागि खाली स्थान मिलाउने, बिरुवा रोप्ने, गोडमेल गर्ने तथा संरक्षण गर्ने तथा उक्त बिरुवा रोपेर हुर्काउने र ५ वर्षपछि सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्ने कार्यमा साझेदारी गर्नका लागि बेष्ट फाइनान्सले लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ एस नेपालसँग साझेदारी समेत गरेको छ । उक्त साझेदारी गर्ने सहमतिपत्रमा फाइनान्सको तर्फबाट प्रमुख कार्यकारी अधिकृत बीएन घर्ती र लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ एस काठमाडौंको तर्फबाट एरिया चिफ कोअर्डिनेटर चिन्तन बज्राचार्यले हस्ताक्षर गरेका छन् ।

# मञ्जुश्री फाइनान्सको न्युरोड शाखा स्थानान्तरण



**काठमाडौं/मस -** मञ्जुश्री फाइनान्स लिमिटेडको न्युरोड शाखा कार्यालय स्थानान्तरण भएको छ । कम्पनीको हालको काठमाडौं खिचापोखरी, न्युरोडमा रहेको शाखा कार्यालय साउन ४ गतेदेखि ५० मिटर उत्तरतर्फ सरेको हो । ग्राहकहरूको सहजतालाई मध्येनज़र गर्दै शाखा कार्यालय स्थानान्तरण गरिएको फाइनान्सले जनाएको छ । स्थानान्तरित शाखाको उद्घाटन फाइनान्सका संचालक समितिका अध्यक्ष सुमनप्रसाद अधिकारीले गरेका थिए ।

# प्रो होण्डा जेन्युन इन्जिन आयल अब नेपालमा



**काठमाडौं/मस -** नेपालका लागि होण्डा मोटर कम्पनीको आधिकारिक वितरक स्याकार ट्रेडिङ कम्पनीले नेपालमा प्रो होण्डा जेनुईन इन्जिन आयल भित्र्याएको छ । कम्पनीले नयाँ दिल्लीमा ग्लोबल होन्डा ब्राण्डको रूपमा भित्र्याइ बिक्री वितरण सुरु गरेको हो ।

होण्डा मोटर कम्पनीले मोटर साईकल र अन्य पावर प्रोडक्ट उत्पादनहरू तथा होण्डाका सबै प्रयोगकर्ताहरूलाई आफ्नो सवारी तथा पावर प्रोडक्टका लागि गुणस्तरीय जेन्युन ईन्जिन आयल सुविधा पुऱ्याउनु रहेको जनाएको छ ।

**सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरू ।**

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सुवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफुकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरिपरी सर्प बस्न सक्ने सम्भावित ठाउँको पहिचान गरी तिनलाई नष्ट गरौं,
- रातको समयमा बुट लगायर टर्च लाईट बालेर मात्र हिडौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगायर खाटमा मात्र सुतौं ।

*सर्पको टोकाइबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# भीमदत्त नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कञ्चनपुर
## सुदूरपश्चिम प्रदेश, नेपाल

# आन्तरिक आयको ठेक्का सूचना

**प्रथम पटक प्रकाशित मिति – २०८२।०४।०५**

भीमदत्त नगरपालिकाको देहाय वमोजिमका आन्तरिक आयका बहु-वर्षीय ठेक्का बोलपत्रका माध्यमबाट गराउनुपर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको लागि मिति २०८२/०४/०५ का दिन सबै योग्य बोलपत्रदाताहरूको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.com/eGP-II मार्फत् बोलपत्र आह्वानको सूचना गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०५/०४ गते दिनको १२ बजे सम्म र बोलपत्र खोल्ने मिति २०८२/०५/०४ गते दिनको १ बजे कायम गरिएको छ । बोलपत्र पेश अनिवार्य रूपमा विद्युतीय माध्यमबाट मात्र गर्नु पर्नेछ ।

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | आ.ब.२०८२/०८३ को न्यूनतम बोलपत्र कबोल अंक (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|
| २।आ.आ.।२०८२।०८३ | नगर क्षेत्रमा पटके व्यवसाय कर संकलन | रु ३३,२७,५००।०० | आ.व. २०८३/०८४ का लागी ठेक्का सम्झौता रकम आ.व. २०८२/०८३ को कबोल अंकमा १०% थप जोडी हुन आउने रकम कायम गरिनेछ ।<br>आ.व. २०८४/०८५ का लागी ठेक्का सम्झौता रकम आ.व. २०८३/०८४ को कबोल अंकमा १०% थप जोडी हुन आउने रकम कायम गरिनेछ । |

बिस्तृत जानकारीका लागी www.bolpatra.com/eGP-II मा हेर्न हुन वा यस कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**